आज मिति २०७८/०४/०३ गतेका दिन सङ्खुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाका अध्यक्ष श्री राम बहादुर राईज्यूको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ८५ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१. श्री राम बहादुर राई, गा. पा. अध्यक्ष

२. श्री लाल कुमारी राई, गा. पा. उपाध्यक्ष

३. श्री आलक्ष कुमार राई, वडाध्यक्ष (वडा नं. १)

४. श्री मोहन सम्सेर राई, वडाध्यक्ष (वडा नं. २)

५. श्री प्रताप सिं तामाङ, वडाध्यक्ष (वडा नं. ३)

६. श्री देवेन्द्र राई , वडाध्यक्ष (वडा नं. ४)

७. श्री ईश्वर राई, वडाध्यक्ष (वडा नं. ५)

८. श्री नरभुपाल राई, कार्यपालिका सदस्य

९. श्री बिनोद कुमार राई, कार्यपालिका सदस्य

१०. श्री मेनुका राई, कार्यपालिका सदस्य

११. श्री बिना राई, कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा , कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा , कार्यपालिका सदस्य

१४. श्री राम राज पौडेल, प्रमुख प्रशासकिय अधिकृत

प्रस्ताबहरु

१. कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा ।

२. काज स्वीकृत सम्बन्धमा ।

३. आ.व. २०७७।०७८ को आम्दानी तथा खर्चको समिक्षा सम्बन्धमा ।

४. कार्यविधि अनुमोदन सम्बन्धमा ।

५. खर्च रकम समर्थन गर्ने सम्बन्धमा ।

६. बिस्तृत आयोजना प्रतिवेदन (DPR) अनुमोदन सम्बन्धमा ।

७. ब्याकहो लोडर चालक तथा सहयोगीको अतिरिक्त सुविधा सम्बन्धमा ।

८. भ्रमण स्वीकृत सम्बन्धमा ।

९. जन प्रतिनिधि तथा कर्मचारिको भ्रमण खर्च अनुमोदन सम्बन्धमा ।

१०. ब्याकहो लोडर मर्मत खर्च अनुमोदन सम्बन्धमा ।

११. साझेदारी रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं. -१

प्रस्ताव नं. १ माथि छलफल गर्दा ८२, ८३ र ८४ औं कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गर्दा अधिकांश निर्णयहरुको कार्यन्वयन पक्ष संतोषजनक भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -२

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४८७, मिति २०७८।०३।२५ को सेवाकालीन तालिममा सहभागी मनोनयन सम्बन्धी पत्रबाट यस पालिकाका प्रमुख प्रशासकीय अधिकृत राम राज पौडेल छनौट गरी पठाएको तर गाउँपालिकामा इन्टरनेटको पहुँच प्रभावकारी नभएकाले मिति २०७८।०४।१३ गते देखि २०७८।०६।१२ गते सम्म जिल्ला सदरमुकाम खाँदबारीमा बसी कार्यालयको कामकाजलाई सहजीकरण गर्दै तालिम लिन काज स्वीकृत गर्ने तथा उक्त अवधिको भ्रमण खर्च "भ्रमण खर्च नियमावली, २०६४" बमोजिम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाको आ.व. २०७७।०७८ को आम्दानी खर्चको समिक्षा गर्दा विनियोजित बजेट खर्चको समग्र अवस्था सन्तोषजनक भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपशिल बमोजिमका कार्यविधि तथा निर्देशिकाहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१) सिलीचोङ गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७८

२) सिलीचोङ गाउँपालिकाको ब्याकहो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

निर्णय नं. -५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७७।०७८ मा खार्वजानिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क वितरण गरिने पाठ्यपुस्तक शिर्षकमा आएको अनुदान रु. ३११५०३।- अपुग भएकोले आधारभूत तहका स्वीकृत दरबन्दी तथा राहत शिर्षकहरुको तलव अनुदान शिर्षकको बढि भएको रकमबाट भुक्तानी गरिएकोले शसर्त अनुदानको उक्त खर्च रकम समर्थन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका द्वारा आ.व. २०७७।०७८ मा तयार गरिएका तपशिल बमोजिमका आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) सन्तोषजनक देखिएकोले स्वीकृत गरी निर्माण प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

१. गाउँपालिका भवन निर्माण योजनाको विस्तृत आयोजना प्रतिवेदन ।

२. बुधबारे सिसुवाखोला सडक पुल निर्माण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन ।

निर्णय नं. -७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ब्याकहो लोडर चालकलाई निजले खाइपाई आएको तलब भत्ताको अतिरिक्त मासिक रु ५०००।- (अक्षरेपी पाँच हजार) फिल्ड भत्ता तथा सहयोगी कर्मचारीको नियुक्ती नभए सम्म कार्यालयका कुनै सहयोगी कर्मचारीलाई काम गरेको दिनको दैनिक रु. ५००।- (अक्षरेपी पाँच सय) को दरले फिल्ड भत्ता उपलब्ध गराई काममा खटाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा संघिय मन्त्रालयमा बजेट माग तथा प्रतिवेदन प्रस्तुतिका लागि तपशिल बमोजिमका पदाधिकारीलाई मिति : २०७८।०४।०६ गत देखि पठाउने सर्वसम्मत निर्णय गरियो ।

(क) गाउँपालिका अध्यक्ष, श्री राम बहादुर राई ।

निर्णय नं. -९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०७७।०७८ मा भएको सम्पूर्ण जनप्रतिनिध तथा कर्मचारीहरुको भ्रमण खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -१०

प्रस्ताव नं. १० माथि छलफल गर्दा गाउँपालिकाले खरिद गरेको ब्याकहो लोडर खरिद पश्चात नै केही मर्मत गरी ल्याउनुपर्ने भएकोले उक्त ब्याकहो लोडर मर्मत खर्च रु. ५००००।- (अक्षरेपी पचास हजार) सवारी साधन मर्मत खर्चबाट भुक्तानी भएकोले उक्त खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिकाले समाज विकास केन्द्र (सोडेक) को प्राविधिक सहयोगमा विभिन्न झोलुङ्गे पुलहरुको निर्माण गरिएकोमा उक्त संस्थालाई तागाधो झो.पु. निर्माण योजनाको निर्माण सम्पन्न पश्चात भुक्तानी गर्नुपर्ने सेवा शुल्क भुक्तानी गर्न छुट भएकोले छुट सेवा शुल्क साझेदारी फण्ड खर्च शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

आज मिति २०७८/०४/२४ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँकार्यपालिकाको अध्यक्ष श्री राम बहादुर राईको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ८६ औं कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१. श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२. श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३. श्री आलक्ष राई वडाध्यक्ष (वडा नं.१)

४. श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५. श्री प्रताप सिं तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७. श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८. श्री नरभुपाल राई वडाध्यक्ष कार्यपालिका सदस्य

९. श्री विनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सविता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य

१४. श्री दिपेन्द्र कुमार राई निमित्त प्रमुख प्रशासकिय अधिकृत

<u>प्रस्तावहरु:</u>

१. कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा ।

२. जग्गा रजिष्ट्रेशन पास गर्ने सम्बन्धमा ।

३. समृद्ध सिलीचोङ रेडियो कार्यक्रम निरन्तर सम्बन्धमा ।

४. कर्मचारी कोजमा खटाएको सम्बन्धमा ।

प्रमाणित

२०७८/०४/२४

निमित्त प्रमुख प्रशासकीय अधिकृत

५. पुनर्वास जग्गा रजिष्ट्रेशन सम्वन्धमा ।

६. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

७. समवेदना प्रकट सम्वन्धमा ।

निर्णयहरु:

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८ साल साउन ३ गते बसेको ८५ औ कार्यपालिका बैठकमा गरिएका निर्णय तथा योजनाहरु कार्यान्वयन पक्ष सन्तोषजनक रहेको निर्णय पारित गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकामा निर्माण हुन लागेको ५ शैयाको प्राथमिक अस्पताल निर्माणको लागि शिलिचोङ क्लव समाज विकास केन्द्रको स्वामित्वमा रहेको सिलीचोङ गाउँपालिका वडा नं. ३ (साविक ताम्कु गा.वि.स वडा नं. १) मा रहेको कि.नं. १६७ क्षेत्रफल ८१० वर्ग मिटर र कि.नं. ४२१ को क्षेत्रफल २८८ वर्गमिटर जग्गा निशुल्क रुपमा उपलब्ध गराउने सहमति प्रदान भएकोले ५ शैयाको अस्पताल निर्माण गर्ने प्रयोजनका लागि निःशुल्क प्रदान गर्न लागिएको उक्त जग्गा स्विकार गरी उक्त जग्गा र सिलीचोङ गाउँपालिका वडा नं. ३ साविक ताम्कू गा.वि.स वडा नं. ८ याचाम्खामा सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माणका लागि आवश्यक जग्गा श्री तुलाराम राईले कि.नं. १४१ क्षेत्रफल ६०० वर्ग मिटर निःशुल्क उपलब्ध गराउने मञ्जुर भएको हुदा उक्त जग्गा ताम्कु प्राथमिक स्वास्थ्य केन्द्रको नाममा रजिष्ट्रेश पास गर्ने र जग्गा पास गर्न जादा जग्गा दाता तथा जिल्लामा पास गर्ने प्रकृयामा बैठक खर्च लगायतका लागत खर्च पालिकाको विविध खर्च शिर्षकवाट खर्च गर्ने र रजिष्ट्रेशन पास प्रकृयाको लागि वडा नं. ३ वडाध्यक्ष श्री प्रताप सिं तामाङ र निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र कुमार राईलाई प्रतिनिधिको रुपमा पठाउने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकावाट २०७८/०८९ मा समृद्ध सिलीचोङ रेडीयो कार्यक्रम निरन्तर सञ्चालनका लागि विनियोजित बजेटको सिमाभित्र रहि विगत २ वर्ष देखि सञ्चालनमा रहेको समृद्ध सिलीचोङ रेडीयो कार्यक्रम सिलीचोङ मल्टिमिडीया प्रा.लि लाइनै आवश्यक प्रकृया गरि सञ्चालन गर्न दिने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा च. नं. १९५ तथा मिति २०७७/०४/३२ को प्राप्त पत्रानुसार ताम्कु प्राथमिक स्वास्थ्य केन्द्रमा रिक्त रहेको मे.अ पदमा करार नियुक्त भई मिति २०७७/०६/१८ गते देखि निरन्तर कामकाजमा खटिरहनुहुने डा भारती कुमारी पण्डित मिति २०७८/०४/०२ गते देखि प्राथमिक स्वास्थ्य केन्द्र प्रशासन, व्यवस्थापन समिति र गाउँपालिकालाई समेत जानकारी (विदा स्वीकृत नगराई) विना घर जानुभएको तर स्वास्थ्य सेवा विभागको च.नं. २४७ मिति २०७८/०४/२० को प्राप्त पत्रानुसार पदाधिकार रहेकै कार्यालयवाट तलव भत्ता भूक्तानी हुने गरि मिति २०७८/०४/२२ गते देखि २०७८/०५/२२ सम्म (१ मिहिना) का लागि श्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान कास्कीमा कामकाज गर्ने गरी काजमा पठाएको भन्ने पत्र माथि छलफल गर्दा कोभिड-१९ को महामारीको समयमा विना

प्रमाणित
२०७८/०११/२८
अधिकृत

जानकारी कार्यलयमा सेवा अवरुद्ध गरि जानुहुने निज डा. भारती कुमारी पण्डितलाई अनुपस्थित समयवाधिको तलव भत्ता भुक्तानी नदिने र स्वास्थ्य सेवा विभागबाट अर्को मे.अ. को व्यवस्थापन नभएसम्म काजमा जानको लागि सहमति नदिने साथै वैकल्पिक व्यवस्थापन भए पनि पदाधिकार रहेकै कार्यालयबाट तलव भत्ता भुक्तानी नगर्ने साथै तत्काल मे. अ. को व्यवस्थापन गरिदिन हुन स्वास्थ्य सेवा विभाग टेकु काठमाडौंलाई अनुरोध गर्ने भनी सर्वसहमतबाट निर्णय पारित गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गत २०७७ असार २७ को पहिरोमा परेका वेसिन्दा निवासी २५ घरधुरीलाइ चित्रेमा र चेप्चेवा निवासी १२ घरधुरीलाई बखल्तुम पुनर्वास गर्नका लागि प्रशासन कार्यालय संग समन्वय गरि जिल्ला मालपोत कार्यालयमा जग्गा रजिष्ट्रेशन गर्ने साथै उक्त जग्गा पास गर्नका लागि स्थायी पुनर्वास व्यवस्थापन समितिका संयोजक श्री नरभूपाल राई र १ जना कर्मचारी प्रतिनिधि खटाउने सर्वसहमतिबाट निर्णय पारित गरियो ।

प्रस्ताव नं. ६ माथी छलफल गर्दा हाल कोभिड १९ को महामारीले विद्यालयको नियमित अध्ययन अध्यापन हुन नसकेको र तत्कालै नियमित पुनपाठन हुन सक्ने परिस्थिति नभएकोले सिलीचोङ गाउँपालिकाको सिकाइ सहजीकरणका लागि सिलीचोङ गाउँपालिकाको विद्यार्थी सिकाइ सहजीकरण सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ७ माथी छलफल गर्दा गत २०७८/०४/०९ गतेका दिन सिलीचोङ गाउँपालिकाको वडा नं. १ सिसुवाखोला स्वास्थ्य चौकी चेप्चेवाबाट अस्थायी स्वास्थ्य चौकी तिवाटारमा स्वास्थ्य चौकीको सामान सार्ने क्रममा तिवा निवासी श्री अमृत लाल राईको छोरा वर्ष १९ को दिनेश राई बीचबाटोको ककुला भीरको पहिरोबाट खसेर दुःखद निधन भएकोमा गाउ कार्यपालिकाले गहिरो दुःख व्यक्त गर्दछ । अत्यन्त दुःखद घटना भई अपुरणीय क्षति पुगेको मृतकको आत्माको चीरशान्तीको कामना सहित शोक सन्तप्त परिवार जन प्रति धैर्य धारणको शक्ति मिलोस भनी हार्दिक समवेदना व्यक्त गरियो ।

प्रमाणित

२०८०/०४/२२

निमित्त प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७८/०५/०७ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ८७ औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिं तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य राधा

१४.श्री खेम राज राई सिलीचोङ-१ का.बा.अध्यक्ष

१५. श्री भद्र बहादुर राई अधिकृत छैटौ

आमन्त्रित

१.श्री दिपेन्द्र कुमार राई स्वास्थ्य शाखा

प्रस्ताबहरु

१.गत ८६ औं कार्यपालिका बैठक समिक्षा सम्बन्धमा ।

२.प्राथमिक अस्पताल निर्माण अनुदान माग सम्बन्धमा ।

३.आ.व. ०७८/७९ को योजना तथा कार्यकम सन्चालन सम्बन्धमा ।

४.सिलीचोङ गाउँपालिका बृत्तचित्र निर्माण प्रस्तावना सम्बन्धमा ।

५.अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यकम सम्बन्धमा ।

६.स्वास्थ्य शाखाको आ.व.०७७/७८ को वार्षिक समिक्षा सम्बन्धमा ।

७.एकिकृत सम्पत्तीकर सच्याउने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/०४/०३ गतेको ८६ औ कार्यपालिकाको बैठकले निर्णय गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भएको समिक्षा गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा नेपाल सरकारको नीति अनुरुप प्रत्येक गाउँपालिकामा स्थापना हुने ५ शैयाको प्राथमिक अस्पताल निर्माण योजना अन्तर्गत यस सिलीचोङ गाउँपालिकाको लागि आवश्यक ५ शैयाको प्राथमिक अस्पताल निर्माण मापदण्ड अनुसारको जग्गा निःशुल्क प्राप्त भई ताम्कु प्राथमिक स्वास्थ्य केन्द्रको नाममा रजिष्ट्रशन पास भई सकेको, बिस्तृत परियोजना प्रस्ताव (D.P.R..) समेत तयार भई सकेको हुदाँ उक्त अस्पताल निर्माण योजनाको लागि स्वास्थ्य तथा जन संख्या मन्त्राललयमा बिस्तृत परियोजना प्रस्ताव (D.P.R.) तथा आवश्यक कागजात सहित ५ शैयाको प्राथमिक अस्पताल भवन निर्माणमा आवश्यक प्रकृया तथा बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आ.व.०७८/७९ मा बिभिन्न योजना शिर्षकमा बिनियोजित बजेटबाट सिलीचोङ गाउँपालिकाको बिभिन्न वडाहरुमा योजना सन्चालन गर्नको लागि यहि आ.व.को भाद्र महिनाको २५ गते भित्र उपभोक्ता समिति गठन गरि सक्ने तथा टेन्डर प्रकृया मार्फत सन्चालन हुने योजनाको विवरण भाद्र २५ गते भित्र सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालयमा विवरण पेश गरी सक्ने र योजना तथा कार्यकम सन्चालन सम्बन्धी सहजीकरण तालिम उपभोक्ताहरुलाई दिने निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आ.व.०७८/७९ मा सिलीचोङ गाउँपालिकाको बृत्तचित्र निर्माणको लागि बिनियोजित रकम रु.५००००।- अक्षरेपी पाँच लाख रुपैयाबाट यस गाउँपालिकाको बृत्तचित्रमा संलग्न गर्नु पर्ने धार्मिक स्थल, सास्कृतिक स्थल, आर्थिक क्षेत्र, भौगोलिक

अवस्थिती, पर्यटकीय स्थल, प्राकृतिक सम्पदा, पुरातात्विक महत्वका स्थल, सस्कृतिक महत्व, पालिकाबाट निर्मित भौतिक बिकास, शैक्षिक बिकास, स्वास्थ्य सुधार लगातत वडाहरुबाट आएको सुझावहरुलाई समेटी सम्पुर्ण क्षेत्रको श्रब्य दृष्य सामाग्री (बृत्त चित्र) तयार पार्न सक्ने नेपाल सरकारको कानुन बमोजिम दर्तावाला फर्महरु संग प्रस्ताव अव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.-५

सिलीचोङ गाउँपालिका, प्रदेश सरकार र करुणा फाउण्डेशनको त्रिपक्षीय सहकार्यमा सन्चालन भई रहेको अपांगता रोकथाम तथा पुर्स्थापना कार्यक्रम अन्तर्गत आ.व.०७७/७८ मा सन्चालन भएको अपांगता रोकथाम तथा पुनस्थापना सम्बन्धीको कार्यक्रम समिक्षा तथा आ.व.०७८/७९ को कार्यक्रम समेत छलफल गरी अनुमोदन भएको निर्णय गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं.-७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकामा स्वास्थ्य शाखा मार्फत आ.व.०७७/७८ मा सन्चालन भएको कार्यक्रमको वार्षिक समिक्षा वडा स्तरमा स्वास्थ्य ब्यवस्थापन समिति, वडा समिति तथा सरोकार वालाहरुको उपस्थितीमा आगामी भाद्र १२ गते भित्र सम्पन्न गरी कार्यपालिका तथा जनप्रतिनिधीहरुको उपस्थितीमा भाद्र १३ र १४ गतेका दिन पालिका स्तरीय समिक्षा सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं.-७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आ.व. ०७८/७९ को गाउँसभाबाट आर्थिक ऐन पास गर्ने क्रममा गत आ.व.०७७/७८ मा कायम रहेको एकिकृत सम्पत्ती करको दरमा १० प्रतिशतले बृद्धि गर्ने राजश्व परामर्श समितिको मिति २०७८/०३/०२ गतेको बैठकबाट निर्णय भई ९ औं गाउँसभामा पेश हुन आएको र उक्त निर्णय छपाई गर्ने क्रममा प्राबिधिक कारण बश अन्यथा हुन गएको हुदाँ उक्त बैठक निर्णय बमोजिम गत आ.व. भन्दा १० प्रतिशतले एकिकृत सम्पत्ती कर बृद्धि हुने गरी उक्त आर्थिक ऐन सच्याउने निर्णय गरियो ।

तपशिल :

क्र.स.	सम्पत्तिको मूल्य	गत आ.व.को कर को दर रेट	यस आ.व.को दर रेट	प्रस्तावित		आगामी आ.व.को दर रेट	अनुमानित		कैफियत
				संख्या	जम्मा रकम रु.		संख्या	जम्मा रकम रु.	
१	रु. १००,००० सम्म	६६	७२.६	१६०३	११६३७७.८	८०	१६०३	१२८०१५.६	
२	१००००१ देखि २००,००० सम्म	१३७.५	१५१.२५	३००	४५३७५	१६६	३००	४९९१२.५	
३	२००,००१ देखि ५००,००० सम्म	२०३.५	२२३.८५	२००	४४७७०	२४६	२००	४९२४७	
४	५००,००१ देखि ७५०,००० सम्म	२६९.५	२९६.४५	१००	२९६४५	३२६	१००	३२६०९.५	
५	७५०,००१ देखि १०००००० सम्म	३३५.५	३६९.०५	५०	१८४५२.५	४०६	५०	२०२९७.७५	
६	१०००००१ देखि १२५०००० सम्म	४०१.५	४४१.६५	४०	१७६६६	४८६	४०	१९४३२.६	
७	१२५०००१ देखि १५००००० सम्म	४६७.५	५१४.२५	३०	१५४२७.५	५६६	३०	१६९७०.२५	
८	१५००००१ देखि १७५०००० सम्म	५३३.५	५८६.८५	१२	७०४२.२	६४६	१२	७७४६.४२	
९	१७५०००१ देखि २००००० सम्म	५९९.५	६५९.४५	१०	६५९४.५	७२५	१०	७२५३.९५	
१०	२००००० देखि २५००००० सम्म	८०३	८८३.३	५	४४१६.५	९७२	५	४८५८.१५	

अधिकृत

११	२५०००० देखि २७००००० सम्म	१२६५	१३९१.५	५	६९५७.५	१५३१	५	७६५३.२५	
१२	२७००००१ देखि २९००००० सम्म	१३९७.५	१५३७.३	५	७६८६.२५	१६९१	५	८४५४.८७५	
१३	२९००००१ देखि ३०००००० सम्म	१६६६.५	१८३३.२	५	९१६५.७५	२०१६	५	१००८२.३३	
१४	३०००००१ देखि ३५००००० सम्म	१९९६.५	२१९६.२	५	१०९८०.७५	२४१६	५	१२०७८.८३	
१५	३५००००१ देखि ४००००००० सम्म	२६६६२९	२९३२९२	४	११७३१६८	३२२६२१	४	१२९०४८४	
१६	४०००००१ देखि ४५००००० सम्म	३५९७	३९५६.७	४	१५८२६.८	४३५२	४	१७४०९.४८	
१७	४५००००१ देखि ५००००००० सम्म	४६५८.५	५१२४.४	२	१०२४८.७	५६३७	२	११२७३.५७	
१८	५०००००१ देखि ५५००००० सम्म	५०८२	५५९०.२	०	०	६१४९	०	०	
१९	५५००००१ देखि ६००००००० सम्म	७८६५	८६५१.५	०	०	९५१७	०	०	
२०	६०००००१ देखि ७००००००० सम्म	१०२८५	११३१४	०	०	१२४४५	०	०	
२१	७०००००१ देखि ८००००००० सम्म	१२१००	१३३१०	०	०	१४६४१	०	०	

अधिकृत

२२	८०००००१ देखि १०००००० सम्म	१८१५०	१९९६५	०	०	२१९६२	०	०	
२३	१०००००१ देखि २०००००० सम्म	३०२५०	३३२७५	०	०	३६६०३	०	०	
२४	२०००००१ देखि ३०००००० सम्म	४८४००	५३२४०	०	०	५८५६४	०	०	
२५	३०००००१ देखि ४०००००० सम्म	६०५००	६६५५०	०	०	७३२०५	०	०	
२६	४०००००१ देखि ५०००००० सम्म	८४७००	९३१७०	०	०	१०२४८७	०	०	
२७	५०००००१ देखि माथि	०	०	२३८०		०.००	२३८०	प्रति हजार	
जम्मा					१५३९८००			१६९३७८०	

(क) घरको मूल्याङ्कन मापन

क.सं.	घरको किसिम	गत आ.व. २०७७/०७८ को न्यूनतम मूल्यांकन प्रति घर रु.	यस आ.व. २०७८/०७९ को न्यूनतम मूल्यांकन प्रति घर रु.	आगामी आ.व. २०७९/०८० को न्यूनतम मूल्यांकन प्रति घर रु.	कैफियत
क	पक्की २ तला सम्मको	२,६९५,०००.००	२,६९५,०००.००	२,६९५,०००.००	
ख	सिमेन्ट मसलामा ढुंगाको गारो र जस्ता छाना २ तला सम्मको	९५०,०००.००	९५०,०००.००	९५०,०००.००	
ग	सिमेन्ट मसलामा ढुंगाको गारो जस्ता छाना १ तलाको	४९०,०००.००	४९०,०००.००	४९०,०००.००	
घ	हिलोमा ढुंगाको गारो र जस्ता छाना २ तला सम्मको	७५०,०००.००	७५०,०००.००	७५०,०००.००	
ङ	हिलोमा ढुंगाको गारो जस्ता छाना १ तलाको	२४९,०००.००	२४९,०००.००	२४९,०००.००	
च	हिलो ढुंगाको गारो खर/पराल छाना	१९९,०००.००	१९९,०००.००	१९९,०००.००	
छ	खाँवा, सेन्टीबेरा र खर/पराल छाना भएको २ तला सम्मको	५,०००.००	५,०००.००	५,०००.००	

नोट :

१. माथि उल्लेखित अनुसारको कर दोस्रो चौमासिक (चैत्र मसान्त) भित्र बुझाई सक्नुपर्ने छ। पहिलो चोमासिक (कार्तिक मसान्त) भित्र कर बुझाउनेलाई ५% छुट दिईने छ। चलु आर्थिक बर्ष भित्र नबुझाउने लाई प्रति वर्ष ५०% थप असुल उपर गरिने छ।

२. कुनैपनि व्यक्ति वा समुहले सार्वजनिक जग्गाको उपभोग गरेमा सम्पुर्ण उत्पादनको २%का दरले कर लिने।

३. सार्वजनिक जग्गामा घर टहरा निर्माण गरि व्यवसाय सञ्चालन गरेमा प्रति वर्ष प्रति टहरो रु. ५०००। लिईनेछ।

अधिकृत

आज मिति २०७८/०५/२१ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ८८ औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंहतामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य राधा

१४.श्री खेम राज राई सिलीचोङ-१ का.बा.अध्यक्ष

१५. श्री भद्र बहादुर राई अधिकृत छैटौ

आमन्त्रित

१.श्री दिपेन्द्र कुमार राई स्वास्थ्य शाखा

प्रस्ताबहरु

१.गत ८७ औं कार्यपालिका बैठक समिक्षा सम्बन्धमा ।

२.निजामती दिवश मनाउने सम्बन्धमा ।

प्रमाणित
२०७८।०५।२१
निमित्त प्रमुख प्रशासकीय अधिकृत

३.प्रधानमन्त्री रोजगार सम्बन्धमा ।

४.बृत्त चित्र निर्माण गर्ने फर्म छनौट सम्बन्धमा ।

५.घर भाडा भुक्तानी सम्बन्धमा ।

६.कर्मचारीको खाजा खर्च भुक्तानी सम्बन्धमा ।

७.आँखा उपचार केन्द्र स्थापना सम्बन्धमा ।

८.प्रस्ताव अनुमोदन सम्बन्धमा ।

प्रमाणित
५ आ।१०।८
निमित्त प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/०५/०७ गतेको ८७ औ कार्यपालिकाको बैठकले निर्णय गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भएको समिक्षा गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा "ब्यावसायिक र सिर्जनशील प्रशासनः बिकास समृद्धि र सुशासन" भन्ने नाराका साथ नेपाल सरकारले मनाउन लागेको १८ औं निजामती सेवा दिवश २०७८ यस गाउँपालिकाले पनि भब्यताका साथ मिति २०७८/०५/२२ गतेका दिन उत्कृष्ट कर्मचारी पुरस्कृत, कर्मचारी सम्मान, कर्मचारी तथा जनप्रतिनिधी बिच मैत्रीपुर्ण ब्याडमिन्टन खेलकुद आयोजना गरी सम्पुर्ण जनप्रतिनिधी र कर्मचारीहरुको उपस्थितीमा मनाउने साथै उक्त कार्यकममा लाग्ने रकम कार्यकम खर्च शिर्षकबाट ब्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा बिगतका आ.व.देखि सिलीचोङ गाउँपालिकाको ५ वटै वडाहरुमा सन्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यकम अन्तर्गत प्रधानमन्त्री रोजगारमा खटी रहेका श्रमिकहरुलाई रोजगार वापतको पारिश्रमिक रकम सशर्त कार्यकम शिर्षकमा प्राप्त हुदै आएता पनि उक्त रोजगार कार्यमा खट्दा आवश्यक सामाग्री खरिद शिर्षकमा बजेट प्राप्त नभएको र सो कार्यमा अति आवश्यक छिनो खरिद ढुवानी का लागि रु.१०००००।-अक्षरेपी एक लाख रुपैया मात्र रकम सम्बन्धित शिर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा आ.व.०७८/७९ को ९ औं गाउँसभाबाट सिलीचोङ गाउँपालिकाको बृत्तचित्र निर्माण कार्यकम शिर्षकमा रु.५०००००।- पाँच लाख रुपैया मात्र बजेट बिनियोजन गरिएको, सो बिनियोजित बजेटबाट बृत्तचित्र निर्माणका लागि मिति २०७८/०५/०७ गते को ८७ औं कार्यपालिका बैठक निर्णय अनुसार प्रस्तावना आब्हान गरिएको र उक्त प्रस्तावना अब्हान अनुसार यस कार्यालयमा

नियमानुसार, निर्धारित समयमा दर्ता हुन आएका प्रस्तावक श्री नागरिक चासो मल्टिमिडिया खोंदबारी सङ्खुवासभाले सबै भन्दा कम लागत रकम रु.४९३८१०।- अक्षरेपी चार लाख त्रियानब्बे हजार आठ सय दश रुपैया मात्र प्रस्ताव पेश गरेको र उक्त फर्मलाई बृत्तचित्र निर्माण सम्बन्धी कार्यपालिकाका जनप्रतिनिधीहरु र कर्मचारीहरु बिचमा छलफल गराई बृत्तचित्र निर्माण कार्यमा गुणस्तरीय बृत्रचित्र निर्माण गर्न सक्ने ठहर भएमा नागरिक चासो मल्टिमिडिया संग कार्यक्रम संझौता गर्ने अन्यथा बाकी फर्महरु संग छलफल गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

प्रमाणित प्रतिलिपि
जिमित प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व.०७७/७८ को घर भाडा भुक्तानी गर्दा बजेट रकम रु.२८०००।- अक्षरेपी अठाईस हजार रुपैया मात्र अपुग रहेकोले अन्य भाडा शिर्षकबाट भुक्तानी भएको समर्थन गरियो ।

निर्णय नं. -६

प्रस्ताव नं. २ माथि छलफल गर्दा सामाजिक सुरक्षा तथा पञ्जीकरण सुदृढिकरण आयोजना अन्तरगतका कर्मचारीहरु (एम.आइ.एस. अपरेटर र फिल्ड साहयक) लाई सम्पूर्ण कर्मचारीहरुले पाईरहेको सुविधा अन्तरगतको महंगी भत्ता शिर्षकको रकम यस आ.व. को बजेटमा हुने निकासा नभएकोले पछि प्राप्त भएमा सोही रकमबाट शोधभर्ना गर्नेगरी र नआएमा खाजा खर्चकै रुपमा भुक्तानी हुनेगरी आ.व. २०७८/०७९ को श्रावण महिना देखि लागू हुनेगरी मासिक रु. २०००।- (अक्षरेपी दुई हजार) खाजा खर्च उपयुक्त शिर्षकबाट भुक्तानी गर्ने सम्मत निर्णय गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं.-७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आ.व.०७८/७९ को ९ औं गाउँसभाबाट बजेट शिर्षक नं. २.१.२४ मा आँखा उपचार केन्द्र कर्मचारी ब्यवस्थापन शिर्षकमा रु.५००००।- अक्षरेपी पाँच लाख रुपैया मात्र बिनियोजन गरेको र सो बजेटबाट सिलीचोङ गाउँपालिका र नेपाल नेत्रज्योती संघ, तेजरत्न आँखा तथा कान उपचार केन्द्रको संयुक्त साझेदारीमा आँखा उपचार केन्द्र स्थापना संझौता अनुसार ताम्कु प्राथमिक स्वास्थ्य केन्द्रमा स्थापना हुने आँखा उपचार केन्द्रमा आवश्यक Opthalmic Assistant (O.A.) १ जना, स्वास्थ्य शाखामा आवश्यक स्टाफ नर्स-१ जना, कंथुला सामुदायिक स्वास्थ्य ईकाइको लागि अ.न.मी.-१ जना, सिसुवा स्वास्थ्य चौकीमा आवश्यक अ.हे.व.-१ जनाको खाली पदमा बिज्ञापन गरी नियुक्ती गर्ने निर्णय गरियो ।

निर्णय नं.-८

प्रस्ताव नं.-८ माथि छलफल गर्दा नवौ गाउँ शिक्षा समितिको बैठकबाट निर्णय भई आएका सम्पुर्ण शिक्षा बिकास सम्बन्धी प्रस्तावहरु सर्बसम्मत अनुमोदन गरियो ।

आज मिति २०७८/०६/२५ गतेका दिन संखुवासभा जिल्ला सिलिचोङ गाउँपालिकाको अध्यक्ष श्री रामबहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरूको उपस्थितिमा बसेको ८९ औं गाउँ कार्यापालिकाको बैठकमा तपशिल बमोजिमका प्रस्तावहरूमाथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

तपशिल

१. श्री रामबहादुर राई गाउँपालिका अध्यक्ष
२. श्री लालकुमारी राई गाउँपालिका उपाध्यक्ष
३. श्री आलक्षकुमार राई वडाध्यक्ष (वडा नं.१)
४. श्री मोहन शम्सेर राई वडाध्यक्ष (वडा नं.२)
५. श्री प्रतापसिं तामाङ वडाध्यक्ष (वडा नं.३)
६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)
७. श्री इश्वर राई वडाध्यक्ष (वडा नं.५)
८. श्री नरभुपाल राई कार्यपालिका सदस्य
९. श्री विनोदकुमार राई कार्यपालिका सदस्य
१०. श्री मेनुका राई कार्यपालिका सदस्य
११. श्री बिना राई कार्यपालिका सदस्य
१२. श्री सविता विश्वकर्मा कार्यपालिका सदस्य
१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य राधा
१४. श्री बुद्धिकुमार राई शिक्षा शाखा संयोजक

प्रस्ताबहरू

१. गत ८८ औ कार्यपालिका बैठक समीक्षा सम्बन्धमा ।
२.गत आ.व.को आर्थिक कारोवार अनुमोदन सम्बन्धमा ।
३. सडक सरसफाइ सम्बन्धमा ।
४. बडा दशैं २०७८ सम्बन्धमा ।

निर्णय नं.१

प्रस्ताब नं. १ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/०५/२१ गतेको ८८ औं कार्यापालिका बैठकले निर्णय गरेका निर्णयहरू सन्तोषजनक रूपमा कार्यान्वयन भएको समीक्षा गरियो ।

निर्णय नं.२

प्रस्ताब नं. २ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको गत आर्थिक वर्ष (आ.व.०७७/७८) को सवै आर्थिक कारोवार सन्तोषजनक भएको हुँदा उक्त सम्पूर्ण कारोवारहरू अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.३

प्रस्ताब नं. ३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको तपशिल बमोजिमका गाउँपालिकाका मुख्य सडकहरू दशैं तिहार जस्ता चाडबाडहरूमा दैनिक उपभोग्य सामग्रीहरू आयात गर्न तथा आवागमनमा सहजताका लागि गाउँपालिका अध्यक्ष ज्यूको निर्णयमा अमानतमा सडक सरसफाइ भएकोमा उल्लेखित कार्य एवं प्राविधिक स्टीमेट अनुसारको लागत रकम अनुमोदन गर्ने र भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

क. संखुवा दोभानदेखि सल्लेरीसम्म

ख. सल्लेरीदेखि मांतेवा सोमबारे जिरोप्वाइण्टसम्म

निर्णय नं.४

प्रस्ताब नं. ४ माथि छलफल गर्दा बडा दशैं २०७८ को सुखद् उपलक्षमा गाउँबासी, देश विदेशमा बस्नु हुने सिलीचोङ बासी तथा सिलीचोङ गाउँपालिकाप्रति सद्भाव राख्ने सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

आज मिति २०७८/०६/१२ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९० औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य राधा

१४. श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित

१.श्री भद्र बहादुर राई अधिकृत छैटौ

प्रस्ताबहरु

१.गत ८९ औ गाउँकार्य पालिका बैठक समिक्षा सम्बधमा ।

२.स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन प्रतिबेदन सम्बन्धमा ।

३.आ.व. ०७३/७४ म.ले.प. प्रतिबेदन सम्बन्धमा ।

४.सार्बजनिक सुनुवाई सम्बन्धमा ।

५.बहु वर्षे आयोजना बजेट सुनिश्चित सम्बनधमा ।

६.आ.व.०७५/०७६ देखि २०७७/७८ सम्मको लेखापरिक्षण भई सकेका कागजात सिलबन्दी सम्बन्धमा ।

७.तेन्छोङ सामुदायिक स्वास्थ्य ईकाई सम्बन्धमा ।

८. जग्गा पास सम्बन्धमा

९. पोष्ट मार्टम व्यवस्थापन खर्च सम्बन्धमा

१०..मर्मत सभार कोष बिनियोजन समबन्धमा ।

११.स्वास्थ्य कर्मी पदपुर्ती सम्बन्मा ।

१२.जनप्रतिनिधहिरको चाडवाड खर्च ।

१३.बिस्तृत आयोजना प्रतिबेदन अनुमोदन सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/०५/०७ गतेको ८७ औ कार्यपालिकाको बैठकले निर्णय गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भएको समिक्षा गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राम राज पौडेलले पेश गर्नु भएको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को प्रतिबेदन स्वीकृत गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको अ.व.२०७३/०७४ को अन्तिम लेखा परिक्षण प्रतिबेदन उपलब्ध नरहेकोले आ.व.०७३/०७४ को लेखा परिक्षण प्रतिबेदन प्रतिलिपी महालेखा परिक्षकको कार्यालय समक्ष माग गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा यस गाउँपालिकाको गत आ.व.तथा चालु आ.व.को पहिलो चौमासिक सम्मको प्रगती सम्बन्धमा २०७८ मंसिर महिनाकाके दोश्रो हप्ता भित्र सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-५

प्रस्ताव नं.५ माथि छलफल गर्दा चालु आ.व.मा आंशिक बजेट बिनियोजन भएका तपशिल बमोजिमका अयोजनाहरुको बहुवर्षे बजेट सुनिश्चित गरी निर्माण प्रकृया अगाडि बढाउने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

क.सं..	आयोजनाको नाम	आयोजना सम्पन्न गर्ने अवधि	बजेट सुनिश्चित		
			०७९/८०	०८०/८१	०८१/८२
१	सिसुवाखोला सडक मोटरेवल पुल (साझेदारी)	२०७९/०८० मा	३ करोड ७५ लाख		
२	सिलीचोङ क्लव सामुदायिक बिकास केन्द्र भवन निर्माण आयोजना (बहुवर्षे)	०७०/८१	४० लाख	४० लाख	
३	मांतेवा स्वास्थ्य चौकी भवन निर्मण योजना (बहुवर्षे)	०७९/८०	८० लाख		
४	गाउँपालिका भवन निर्माण योजना (साझेदारी)	०८१/८२	१ करोड	१ करोड	१ करोड

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथि छलफल गर्दा आ.व. ०७५/७६ देखि ०७७/०७८ सम्मको लेखापरिक्षण भई सकेका आर्थिक कारोबारका कागजात तपशिल बमोजिमका समिति बाट कागजात चेक जाँच गराई सिलबन्दी गरी जिन्सी शाखामा हस्तान्तरण गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

संयोजकः-श्री राम बहादुर राई

सदस्यः- श्री लाल कुमारी राई

सदस्यः-श्री प्रताप सिंह तामाङ

सदस्यः-श्री नरभुपाल राई

सदस्यः-श्री बिनोद कुमार राई

सदस्य : श्री राम राज पौडेल

सदस्यः-श्री भद्र बहादुर राई

सदस्य : श्री किर्ति राज कार्की

निर्णय नं.-७

प्रस्ताव न..-७ माथि छलफल गर्दा सिसुखोला स्थित चेपचेवामा रहेको स्वास्थ्य चौकी बाढी पहिरोको कारण तिवाटारमा स्थानान्तरण भई सकेको अवस्थामा चेप्चेवा क्षेत्रका सेवा ग्राहीलाई स्वास्थ्य सेवामा कठिनाई भएको भन्ने गुनासो आएकोले उक्त क्षेत्रका नागरिकहरुलाई स्वास्थ्य सेवा प्रबाह गर्न तेन्छोङ भन्ने स्थानमा तेन्छोङ सामुदायिक स्वाथ्य ईकाई स्थापना गरी यथासिघ्र सेवा प्रवाह शुरु गर्ने र सो प्रयोजनका लागि हाललाई मौजुदा स्वास्थ्यकर्मीहरु मध्येबाट नै परिचालन गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-८

प्रस्ताव नं.-८ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको ताम्कू प्राथमिक अस्पताल र याचाम्खा सामुदायिक स्वास्थ्य इकाईको जग्गा ताम्कू प्राथमिक स्वास्थ्य केन्द्रको नाममा जिल्ला मालपोत कार्यालयमा रजिष्ट्रेशन पास गर्न जाँदा निम्नानुसारको खर्च भएकोले ५८०७० (अक्षरुपी अन्ठाउन्न हजार सत्तरी रुपैयाँ मात्र) कार्यक्रम खर्चबाट भुक्तानि गर्ने गरि अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

खर्च शीर्षकः

१ जग्गादाता २ जनाको खाना खाजा तथा कोठा भाडा रु ९४००

२ जग्गा रजिष्ट्रशन अग्रिम आयकर रु १३१७०

३ दै भ्र भ १९५००

४ जिल्ला प्रशासन कार्यालयमा बैठक भत्ता रु १०५००

५ विविध लेखापढी फोटोकपी लगायत अन्य रु ५५००

जम्मा ५८०७०।

निर्णय नं.-९

प्रस्ताव नं.-९ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा न १ सिसुवाखवलामा मिति २०७८।०४।०९ गतेका दिन पुरानो स्वास्थ्य चौकी चेप्चेवाबाट नयाँ स्वास्थ्य चौकी तिवाटारमा स्वास्थ्य चौकीको सामान सार्ने क्रममा सिसुवाखोला तिवाडाँडा निबासी श्री अमृतलाल राईको छोरा वर्ष १९ को दिनेश राईको बीच अप्ठ्यारो बाटोमा लड्न पुगि मृत्यु भएको घटनामा पोष्ट मार्टम व्यवस्थापन चिकित्सक तथा प्रहरी र प्रतिनिधि परिचालनमा रु १८००० अठार हजार रुपैयाँ मात्र खर्च भएकोले सो विपत व्यवस्थापन कोषबाट भुक्तानी गर्ने गरि सर्वसम्मत निर्णय गरियो ।

खर्च शीर्षकः

१ परिचालित प्रतिनिधिहरुको खाना खाजाको जम्मा रु ९६००

२ चिकित्सकको दै भ्र भ बापत को रकम रु ८४००

जम्मा रु १८०००।

निर्णय नं.-१०

प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व.को बाढी पहिरोले सडक संचालनमा क्षती पुर्याएको हुनाले तपशिल बमोजिमका योजनाहरुमा मर्मत संभार कोषबाट मर्मत कार्य गरी यातायात सुचारु गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

१.सिसुवाखोला काठेपुल मर्मत योजना रु.१ लाख ।

२.डाँडागाउँ रमिते सडक मर्मत योजना रु.१ लाख ।

निर्णय नं.-११

प्रस्ताव नं.-११ माथि छलफल गर्दा यस गा.पा. भित्र रिक्त रहेका स्वास्थ्य कर्मीहरुको दरबन्दीमा सार्बजनिक सेवा तथा क्षमता बिकास समितिबाट पेश भए बमोजिम बिज्ञापन गरी पदपुर्ति गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं.-१२ माथि छलफल गर्दा आ.व.२०७८/०७९ को चाडवाडमा जनप्रतिनिधीहरुलाई प्रदेश कानुन बमोजिम बितरण भएको चाडवाड खर्च अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-१३

प्रस्ताव नं.-१३ माथि छलफल गर्दा STRUCTURAL DESIGN SOLUTION PVT LTD नामक कम्पनी ले निर्माण गरेको ५ शैयाको अस्पताल निर्माण आयोजनाको बितृत आयोजना प्रतिबेदन छलफल गर्दा सन्तोष जनक पाईएकोले उक्त प्रतिबेदन अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

आज मिति २०७८/०७/२८ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९१ औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरुः

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री भद्र बहादुर राई नि.प्रमुख प्रशासकीय अधिकृतक

आमन्त्रित

१.श्री दिपेन्द्र कुमार राई स्वास्थ्य शाखा संयोजक

प्रस्तावहरु

१.गत ९० औ गाउँकार्य पालिका बैठक समिक्षा सम्बधमा ।

२.पुनर्वास ब्यावस्थापन सम्बन्धमा ।

३.आयोजना छनौट सम्बन्धमा ।

४.फोहोर मैला ब्यवस्थाका लागि सिफारिश माग गर्ने बारे ।

५.५ बेड कारोना अस्पतालमा कार्यरत स्टाफ नर्स तलब सम्बन्धमा ।

६.सिसुवा स्वास्थ्य चोकीको लागि जग्गा ब्यवस्थापन सम्बनधमा ।

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/०६/१२ गतेको ९० औ कार्यपालिकाको बैठकले निर्णय गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भएको समिक्षा गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा सिलीचोङ १ सिसवाखोलाका बाढी पहिरो पीडितहरुका लागि स्थायी पुनर्वास गराउनको लागि बखल्टुमटार र चित्रेमा रहेको आवश्यक जग्गा रजिष्टेशन पास यहि मंसीर पहिलो हप्ताभित्र पास गरिसक्ने गर्ने सर्बसम्मत निर्णय पारित गरियो । सो जग्गा पास गर्नको लागि वडा नं. १ को वडाअध्यक्ष श्री आलक्ष राई, वडा सचिव श्री श्रीकान्त चौधरी, स्थायी पुनर्वस ब्यवसथापन समिति संयोजक तथा कार्यलपालिका सदस्य श्री नरभूपाल राई, संबन्धित जग्गा धनी जग्गा पास गर्न जाने सर्बसम्मत निर्णय पारित गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.- ३ माथि छलफल गर्दा तपशिल बमोजिमका योजनाहरुलाई गत आ.व. २०७७।७८ को अ.ल्या. रकमबाट भुक्तानी हुने गरि तपशिल बमोजिमका योजनाहरुलाई रकम विनियोजन गर्ने सर्बसम्मत निर्णय पारित गरियो ।

क्र.सं.	योजना	विनियोजित रकम	कैफियत
१	छ्यङटयुप छोर्तेन बौध स्तुप निर्माण योजना सिगापा ५	१०,०००००	
२	डाडाँगाउँ रमिते सडक सरसफाइ तथा स्तरोन्नती सिगापा २	२०,०००००	
३	रमिते, चित्रे सडक निर्माण योजना सिगापा १ र २	४५,०००००	
४	ताम्कू प्रा स्वा के स्तरोन्नती योजना सिगापा ३	५,०००००	
५	याफू आधारभूत स्वास्थ्य केन्द्र भवन स्तरोन्नती सिगापा ५	५,०००००	
६.	ककुवा भीर चेप्चेवा सडक निर्माण सिगापा १	५,०००००	
७	नागदह सिन्चाइ सिगापा ४	७,०००००	
८	माथिल्लो बगुवा खा.पा. मर्मत सिगापा ४	३,०००००	
९	अरुण छब्बीसे सडक स्तरोन्नती योजना	४,४४,०२५।	
जम्मा		१०,४४४,०२५	

निर्णय नं.-४

प्रस्ताव न..-४ माथि छलफल गर्दा चालु आ.व.०७८/७९ मा संघीय सरकारबाट फोहोर मैला ब्यवस्थापन शिर्षकमा प्राप्त बिशेष अनुदानको कार्यान्वयन गर्न पटक पटक औपचारिक अनौपचारिक परामर्श गरिएको र यस कममा ताम्कु मध्यवर्ती क्षेत्र उपभोक्ता समिति अन्तर्गत पिप्बुङ किरात मध्यवर्ती उपभोक्ता समुहको बन क्षेत्रको आसपासमा रहेको बन बुट्यान क्षेत्रमा फोहोर मैला ब्यवस्थापन केन्द्र निर्माण गर्न संभावना रहेको क्षेत्रमा फोहोर मैला ब्यवस्थापन कार्यलाई पूर्णता दिनका लागि माथि उल्लेखित समुह, समिति र ३ नं. वडा कार्यालय ताम्कुको सिफारिश साथ मकालु बरुण राष्ट्रिय निकुनज कार्यालयबाट अन्तिम सिफारिश लिई निर्माण प्रकृया अगाडि बढाउनु पर्ने हुदाँ सम्बन्धित समुह, समिति संग सिफारिश माग गर्ने निर्णय गरियो ।

निर्णय नं.-५

प्रस्ताव नं.- ५ माथि छलफल गर्दा ५ बेडको कोरोना अस्थायी अस्पतालको लागि गत आ.व. देखि स्टाफ नर्स १ जना नियुक्ती गरी कार्यरत रहेको र सो अवस्थामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. ०६ मिति २०७८/०४/१० को प्राप्त पत्रानुसार कोभिड १९ अस्थायी अस्पतालमा कार्यरत जनशक्तिको २०७८ श्रावण देखि ६ महिना सम्म म्याद थप गर्नहुन भन्ने उल्लेख भएकोले गत आ.व. मा कार्यरत स्टाफ नर्स श्री सुदिक्षा श्रेष्ठको २०७८ श्रावण देखि पौष मसान्तसम्मको लागि म्याद थप गरी निजको तलब भत्ता हाल सम्म प्राप्त नभएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त भएमा सोध भर्ना गर्ने गरि निजलाई २०७८ श्रावण महिना देखि पौष मसान्त सम्मको तलब तथा चाडवाड भत्ता समेत बिपत कोषबाट भुक्तानी गर्ने सर्बसम्मत निर्णय पारित गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं.- ६ माथि छलफल गर्दा सिसुवा स्वास्थ्य चौकी निर्माणको लागि आवश्यक जग्गा प्राप्तीको लागि अर्को ९२ औं कार्यपालिका बैठकमा निःशुल्क जग्गा प्रदान गर्ने जग्गाधनीबाट आवश्यक कागजात पत्रहरु व्यवस्थापन गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सहमति लिइ सिसुवा स्वास्थ्य चौकी भवन निर्माण प्रकृया अगाडि बढाउने सर्बसम्मत निर्णय पारित गरियो ।

आज मिति २०७८/०८/२२ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९२ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य राधा विश्वकर्मा

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृतक

प्रस्तावहरु

१.गत ९१ औ गाउँकार्य पालिका बैठक समिक्षा सम्बधमा ।

२.उद्यम बिकास सहजकर्ताहरुको तलब सम्बन्धमा ।

३.डि.पि.आर. स्विकृत सम्बन्धमा ।

४.दशौ गाउँसभा सम्बन्धमा ।

५.उर्जा उप समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

६.दरबन्दी संशोधन सम्बन्धमा ।

७.ब्याहुलोडर चालक पारिश्रमिक तथा सहयोगी ब्यवस्थापन सम्बन्धमा ।

८.स्टाफ नर्स कर्मचारी परिचालन तथा पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

९.जग्गा पास सहमत सम्बन्धमा ।

१०.कोभिड १९ महामारी प्रभावित अतिबिपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धमा ।

११.4 G जडानमा भएको खर्च भुक्तानी सम्बन्धमा ।

१२.आयोजना माग सम्बनधमा ।

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/०७/२८ गतेको ९१ औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा गाउँपालिका अध्यक्ष श्री राम बहादुर राई ज्यूको संयोजकत्वमा रहेको लघु उद्यम बिकास समितिले पेश गरेको आ.व. ०७८/७९ को लघु उद्यम बिकास कार्यक्रम अनुमोदन गर्दै उक्त कार्यक्रमका लघु उद्यम बिकास सहज कर्ताहरुको अपुग पारिश्रमिक यस गाउँ पालिकाको उपर्युक्त चालु खर्च शिर्षकबाट भुक्तानी दिने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव न.-३ माथि छलफल गर्दा यस गाउँपालिकाले निर्माण गर्न लागेको तपशिल बमोजिमका झोलुङ्गे पुलहरुको बिस्तृत आयोजना प्रतिबेदन समाज बिकास केन्द्र (सोडेक) नामक संस्थाले संझौता मुताबिक निर्माण गरी गाउँपालिकाको कार्यालयमा पेश गरी सकेको हुदाँ उक्त प्रतिबेदन स्विकृत गरी निर्माण कार्य अगाडि बढाउने सर्बसम्मत निर्णय गरियो ।

१.दांखाखोला झो.पु. योजना

२.दांवुवाखोला झो.पु. योजना

३.पिखुवाखोला झो.पु योजना

४.ईभाङखोला झो.पु. योजना

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा यस सिलीचोङ गा.पा.को दशौं गाउँसभा २०७८ पौष २१ गते भित्र सम्पन्न गरि सक्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको उर्जा उपसमितिको मिति २०७८/०८/२१ गते बसेको तेश्रो बैठकका निर्णयहरु अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको मिति २०७६/०७/०५ गते बसेको ४९ औं कार्यपालिका बैठकको निर्णय नं. १ (४) बाट खुंवा सामुदायिक स्वास्थ्य ईकाईमा अ.न.मी. पदको दरबन्दी सिर्जना भएकोमा उक्त निर्णयबाट स्विकृत भएको खुंवा सामुदायिक स्वास्थ्य इकाईको अ.न.मी. पदको दरबन्दीलाई शंसोधन गरी अ.हे.व. पदमा रुपान्तरण गर्ने तथा तत्काल बिज्ञापन गरी पदपुर्ति गर्न समय लाग्ने तर सो स्थानबाट स्वास्थ्य सेवा प्रबाहमा समस्या सिर्जना भएकोले वि.नं. ६-०७८/७९ मिति २०७८/०८/०४ मा भएको अ.हे.व.पदको परीक्षामा सफल बैकल्पिक १ नम्बरको उम्मेद्धारलाई नियुक्ती दिने सर्वसम्वत निर्णय गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा तपशिल बमोजिम सर्बसम्मत निर्णय गरियो ।

क) गाउँपालिकाले खरिद गरेको ब्याकहोलोडर संचालनका लागि आवश्यक पर्ने सहयोगी (हेल्पर) कर्मचारी अर्को ब्यावस्था नभए सम्मको लागि दैनिक ज्यालादारीमा कामकाज लगाउने र उक्त सहयोगीलाई अदक्ष श्रमिक बराबर ज्याला व्याकहुलोडर संचालन खर्च शिर्षकबाट भुक्तानी गर्ने ।

ख) गाउँपालिकाको ब्याकहोलोडर चालक (अपरेटर) लाई मासिक रु.१२०००।- (अक्षरेपी बाह्र हजार रुपैया मात्र) फिल्ड भत्ता करार सेवा शुल्क (ब्याकहोलोडर) अपरेटर शिर्षकबाट मासिक रुपमा भुक्तानी गर्ने र उक्त भुक्तानीको लागि अन्य कुनै प्रकार कागजात आवस्यक नपर्ने ।

ग) गाउँपालिकाको सरसफाई तथा रात्रीकालिन सुरक्षाको लागि आयोजना ब्यवस्थापन खर्च शिर्षकबाट दैनिक अदक्ष श्रमिकले पाउने ज्याला बराबर भुक्तानी गर्ने गरी दैनिक ज्यालादारीमा १ जना सरसफाई कर्मचारी नियुक्ति गर्ने ।

निर्णय नं.-८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वास्थ्य शाखा अन्तर्गत स्टाफ नर्स पदको दरबन्दी खाली रहेको र करारमा नियुक्ति गर्न पटक पटक बिज्ञापन गर्दा समेत कुनै आबेदन नपरेको तथा गाउँपालिकाले संचालन गरेको अस्थायी कोभिड अस्पतालमा कार्यरत स्टाफ नर्सलाई हाल गाउँपालिकाकै दरबन्दीको कामकाजमा परिचालन गरिएकोले कोभिड अस्पतालमा कार्यरत स्टाफ नर्स श्री सुदिक्षा श्रेष्ठलाई अर्को ब्यवस्था नभए सम्म गाउँपालिकाको दरबन्दीमा निरन्तर परिचालन गरी तलब भत्ता भुक्तानी गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सिलीचोङ गा.पा. वडा नं.-१ स्थित सिसुवखोला स्वास्थ्य चौकी भवन निर्माणको लागि निःशुल्क जग्गादाता श्री शुक्र बहादुर राईले कि.नं. ६८५ क्षेत्रफलको १३२२० ब.मि. बाट १४३७ ब.मी. (२.५ रोपनी) र श्री राम कुमार राईबाट कि.न. ७७९ क्षेत्रफलको १९८९२ ब.मि. बाट १४३७ ब.मी. (२.५ रोपनी) गरी जम्मा ५ रोपनी निःशुल्क जग्गादान गर्नु भएको, र श्री लाल प्रसाद राईले तेन्छोङ सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माणको लागि कि.न.२५० क्षेत्रफल १७२० ब.मी. बाट ८६० (१.४ रोपनी) निःशुल्क जग्गा प्रदान गर्ने भएकोले सो जग्गा सिसुवाखोला स्वास्थ्य चौकीको नाममा रजिष्ट्रेशन पास गर्ने गरी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमती माग गर्ने निर्णय गरियो उक्त जग्गा पास सहमती लिन जानको लागि गा.पा. अध्यक्ष श्री राम बहादुर राई र का.पा.सदस्य श्री विनोद कुमार राईलाई पठाउने निर्णय गरियो ।

निर्णय नं.-१०

प्रस्ताव नं. १० माथि छलफल गर्दा कोभिड १९ महामारीबाट प्रभावित अतिबिपन्न परिवारलाई नगद हस्तान्तरण कार्यबिधि २०७८ को दफा ५ बमोजिम सुचना भई नामावली संकलन भएका तपशिल बमोजिमका बिभिन्न वडाबाट प्राप्त ११२ संख्या अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

१.वडा नं.-३ को ६१ जना

२.वडा नं.-५ को ५१ जना

निर्णय नं.-११

प्रस्ताव नं.-११ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.-२ बालामा स्थापना गरिएको 4 G टावर जडान गर्दा वडा नं.-२ का अध्यक्ष श्री मोहन शम्शेर राई मार्फत खाना/खाजा यातायात तथा ढुवानी रु.५००००।- (अक्षरेपी पचास हजार रुपैया मात्र) खर्च भएकोले उपयुर्क्त शिर्षकबाट भुक्तानी दिने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-१२

प्रस्ताव नं.-१२ माथि छलफल छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.-५ को तम्बेबेशी देखि वाङटाङ, निबुङ्मा हुदै याफु ईलाका सम्म सडक निर्माण योजना अत्यावश्यक रहेकोले उक्त आयोजना प्रदेश मन्त्रालय संग माग गर्ने सर्बसम्मत निर्णय गरियो ।

आज मिति २०७८/०९/१२ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९३ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई	गा.पा. अध्यक्ष	
२.श्री लाल कुमारी राई	गा.पा. उपाध्यक्ष	
३.श्री आलक्ष कुमार राई	वडाध्यक्ष (वडा नं.१)	
४.श्री मोहन सम्सेर राई	वडाध्यक्ष (वडा नं.२)	
५.श्री प्रताप सिंह तामाङ	वडाध्यक्ष (वडा नं.३)	
६. श्री देवेन्द्र राई वडाध्यक्ष	(वडा नं.४)	
७.श्री ईश्वर राई	वडाध्यक्ष (वडा नं.५)	
८.श्री नरभुपाल राई	कार्यपालिका सदस्य	
९.श्री बिनोद कुमार राई	कार्यपालिका सदस्य	
१०. श्री मेनुका राई	कार्यपालिका सदस्य	
११. श्री बिना राई	कार्यपालिका सदस्य	
१२. श्री सबिता विश्वकर्मा	कार्यपालिका सदस्य	
१३. श्री राधा विश्वकर्मा	कार्यपालिका सदस्य	राधा
१४.श्री राम राज पौडेल	प्रमुख प्रशासकीय अधिकृतक	

आमन्त्रित

१.श्री भद्र बहादुर राई अधिकृत छैटौ

प्रस्तावहरु

१.गत ९२ औ गाउँकार्य पालिका बैठक समिक्षा सम्बधमा ।

२.शिक्षक दरबन्दी बितरण सम्बन्धमा ।

३.राजश्व सुधार योजना सम्बनधमा ।

४.प्राथमिक स्वास्थ्य केन्द्रमा डक्टर व्यवस्थापन सम्बन्धमा ।

५.किसान सुचीकरण कार्यकम सम्बन्धमा ।

६.बर्थिङ सेन्टर स्विकृत सम्बन्धमा ।

७.प्रधानमन्त्री रोजगार कार्यकम कार्यन्वयन सम्बन्धमा ।

८.सवारी साधन खरिद सम्बन्धमा ।

९.आदिवासी जनजाती सुचिकरण कार्यबिधि सम्बन्धमा ।

१०.पकेट क्षेत्र निरन्तरता दिने सम्बनधमा ।

११.मिनिटिलर बितरण सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/०८/२२ गतेको ९२ औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

पस्ताव नं.-२ माथि छलफल गर्दा शिक्षण सिकाई अनुदान ब्यवस्थापन कार्यबिधि २०७७ बमोजिम यस गाउँपालिकालाई प्राप्त गणित, अंग्रेजी र बिज्ञान बिषय शिक्षकको मापदण्ड पुगेको देखिएकोले मापदण्ड पुगेका बिद्यालयलाई १-१ वटा दरबन्दी बितरण गर्ने सर्बसम्मत निर्णय गरियो ।

१.मा.बि. शिक्षक अनुदानः- श्री बाला मा.बि. बाला ।

२.नि.मा.बि. शिक्षक अनुदानः- श्री कटुन्जे आ.बि. माङ्तेवा ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिका र प्रदेश प्रशिक्षण प्रतिष्ठान बिचमा भएको संझौता बमोजिम राजश्व सुधार योजना निर्माण प्रकृया अगाडि बढाउन र राजश्व सुधार योजना निर्माण गर्न कुल लागतको ५० प्रतिशतमा नबढ्ने गरी लागत सहभागीता सुनिश्चित गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टर दरबन्दी खाली रहेको र हाल सम्म दुर्गम भुगोल तथा न्युन पारिश्रमिकको कारणले डाक्टर ब्यवस्थापन हुन नसकेकोले रु.१००००।- (अक्षरेपी एक लाख रुपैया मात्र) कर कट्टा गरी भुक्तानी हुने गरी डाक्टर ब्यावस्थापन गर्ने सबैसम्मत निर्णय गरियो ।

निर्णय नं.-५

प्रसताव नं.-५ माथि छलफल गर्दा कृषि तथा पशु सेवा अन्तर्गत सशर्त कार्यक्रम किसान सुचिकरण कार्यक्रम सिलीचोङ गाउँपालिकामा कार्यन्वयन गर्नका लागि किसान सुचीकरण कार्यन्वयन बिधि २०७७ बमोजिमम जनप्रतिनिधीहरुलाई (अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरु) कार्यक्रम सम्बन्धी कार्यपालिकाको बैठकमा जानकारी गराई वडा अध्यक्ष मातहतका वडा सदस्यहरु, टोल संयोजक तथा वडा भित्रका कृषकहरुलाई कार्यक्रम संचालन सम्बन्धी जानकारी तथा सुचना गर्ने गराउने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं. -६ माथि छलफल गर्दा यस गाउँपालिकाको भुगोल बिकट भएको कारणले हाल संचालनमा रहेका बर्थिङ सेन्टरहरुमा पुग्न असहज भई गाउँघरमा नै सुत्केरी भईरहेको र भोलीका दिनमा सोही कारणले दुर्घटना हुन सक्ने समस्यालाई मध्यनजर गरी तपशिल बमोजिमको स्थानमा बर्थिङ सेन्टर गाउँपालिकाबाट आवश्यक मापदण्ड पुरा गरेको हुदाँ स्विकृतीका लागि स्वास्थ्य कार्यालय सङ्खुवासभामा अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

१.यांसिमा सामुदायिक स्वास्थ्य ईकाई, सिलीचोङ-१, सिसुवाखोला

२.दिबुङ सामुदायिक स्वास्थ्य ईकाई, सिलीचोङ-४, माङतेवा

निर्णय नं.-७

प्रस्ताव नं. ७ माथी छलफल गर्दा आ व २०७८/०७९ को रोजगार कार्यक्रम अन्तर्गत सिलिचोङ गाउँपालिका भित्रका पाँच वटै वडा हरुमा कामका लागि पारिश्रमिकमा आधारित श्रममूलक आयोजनाको शिर्षकमा रु ९५,७८,२००। अक्षरेपी पन्चनब्बे लाख आठहत्तर हजार दुई सय रुपैँया मात्र नेपाल सरकार र आ. इ. डि. ए. स्रोतभर्ना हुने सर्शत अनुदान रकम तपशीलको कार्यक्रम हरु सञ्चालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ अनुसार कामका लागि पारिश्रमिकमा आधारीत श्रममूलक

आयोजनाहरु रोजगार ब्यबस्थापन सूचना प्रणली (EMIS) मा प्रबिष्टी गरिसकीएको तपशिल बमोजिमका योजनाहरु कार्यान्वयन गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

क्रस	आयोजनाको नाम	सञ्चालन हुने वडा	अनुमानित लागत
१	गैरी खोल्सी देखि पाँच घरे सम्म गोरेटो बाटो निर्माण योजना ।	१	रु ४,६१,६००।
२	नेवाटार देखि बरदो सम्म गोरेटो बाटो निर्माण योजना ।	१	रु ७,५०,१००।
३	बुधवारे देखि छुदाक सम्म गोरेटो बाटो निर्माण योजना ।	१	रु ३,४६,२००।
४	तिवाटार देखि भिम्सेन सम्म गोरेटो बाटो निर्मायोजना ।	१	रु २,३०,८००
५	देवा दह देखि खेम्पालुङ सम्म गोरेटो बाटो निर्माण योजना ।	१	रु२,३०,८००।
६	सिभा पिप्बुङ, देविथान, दुधेटार, लकुवा पावर हाउस, गोपेनी गोरेटो बाटो निर्माण योजना ।	३	रु ६,९२,४००।
७	खेम्पालुङ देखि साम्तिङ पुनर्वास साइजा गोरेटो बाटो निर्माण योजना ।	३	रु ६,३४,७००।
८	कोलवा स्कूल देखि सोत्तोलुङ खेत मौवाबोटे देखि सिरान घर पाङतिम्मा , खम्बु गोरेटो बाटो ,याङतापा भवनको ग्राउण्ड गारो , खम्बु सडक नाली काट्ने र आइतवारे मन्दिर घेरावार निर्माण योजना ।	३	रु ६,९२,४००।

निर्णय नं.- ८

प्रस्ताव नं.-८ माथि छलफल गर्दा गाउँपालिकालाई आवश्यक १ थान मोटरसाईकल आयोजना ब्यवस्थापन शिर्षकबाट खर्च हुने गरी खरिद गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको आदिबासी जनजाती सुचिकरण कार्यबिधि २०७८ लाई अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-१०

प्रस्ताव नं.-१० माथि छलफल गर्दा आ.व.०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यकम निरन्तरता शिर्षक अन्तर्गतका सशर्त कार्यकम गत आ.व.मा सन्चालन हुन नसकेकोले यस आ.व.मा पुनः उक्त क्षेत्रमा स्थापना गरी पकेट सन्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.-११

प्रसताव नं.-११ माथि छलफल गर्दा गत आ.व.०७७/७८ मा खरिद गरिएका ८ वटा मिनिटिलर ५० प्रतिशत अनुदान सम्बन्धी सार्वजनिक सुचना प्रकाशन गरी संकलित आबेदन छनौट गरी छनौटमा परेका कृषक तथा कृषक समुहहरुलाई ५० प्रतिशत अनुदानमा बितरण गर्ने निर्णय गरियो ।

आज मिति २०७८/१०/१७ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९४ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृतक

आमन्त्रित

१.श्री भद्र बहादुर राई अधिकृत छैटौ

प्रस्ताबहरु

१.गत ९३ औ गाउँकार्य पालिका बैठक समिक्षा सम्बधमा ।

२ गाउँपालिका भवनको बोलपत्र सम्बन्धमा ।

३.LISA सम्बन्धमा ।

४.ईभाङ झो.पु. निर्माण सम्बन्धमा ।

५.गाउँपालिकाको हल भाडा सम्बन्धमा ।

६.पकेट बिकास कार्यकम सन्चालन सम्बन्धमा ।

७.प्राबिधिक कर्मचारी ब्यवस्थापन सम्बन्धमा ।

८.खेलकुद समिति गठन सम्बन्धमा ।

९.माङ्तेवा स्वास्थ्य चौकी जग्गा ब्यावस्थापन सम्बन्धमा ।

१०.बजेट सुनिश्चित सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/०९/१२ गतेको ९३ औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकाको ९० औं कार्यपालिकको बैठक निर्णय नं.-५ बाट स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार बिकास कार्यकम सचालन कार्यबिधि २०७८ बमोजिम आ.व. २०८१/०८२ मा सम्पन्न गर्ने गरी साझेदारी बजेट सुनिश्चित गरिएको तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १७४ पत्र मिति २०७८/१०/१० को पत्रबाट ठेक्का संझौताको प्रमाण पेश भए पश्चात रकम बिनियोजन गर्ने गरी छनौट गरिएको जानकारी समेत प्राप्त भई सकेको हुदाँ गाउँपालिका भवनको बिस्तृत आयोजना प्रतिबेदन अनुरुप ठेक्का प्रकृया अगाडि बढाउने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को स्थानीय तहको सस्थागत क्षमता स्वमुल्यांकन (LISA) प्रणालीमा प्रबिष्ट गरिएकोमा आ.व. २०७७/०७८ को ४६ प्रतिशत प्रगती देखिएको तथा सो नतिजा सन्तोष जनक नै भएकोले उक्त नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा संघीय सरकारबाट बजेट बिनियोजन भई सिलीचोङ गा.पा. वडा नं.-३ स्थित ईभाङ भन्ने स्थानमा निर्माण गर्नु पर्ने ईभाङ झोलुङ्गे पुलको सम्बन्धमा निर्माण प्रकृया शुरु गर्नु अगावै बिभिन्न प्रकृयाका बिवादहरु सिर्जना भएकोले ईभाङ झो.पु. निर्माण सम्बन्धमा हाल सम्म गठन

भएका सम्पुर्ण उपभोक्ता समितिहरु बिघटन गरी नयाँ उपभोक्ता समिति गठन गरेर यथाशिघ्र निर्माण प्रकृया अगाडि बढाउने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.५

प्रस्ताव नं.-५ माथि छलफल गर्दा गाउँपालिकाको सभा हलमा बिभिन्न राजनैतिक दल तथा राजनैतिक दलका भातृ संस्थाहरुलाई कार्यकम सन्चालन गर्न नदिने तथा अन्य निकायलाई कार्यकम सन्चालन गर्दा दैनिक प्रशासनिक कामकाजमा असर नहुने गरी प्रति १ दिनको रु.५०००।- (अक्षरेपी पाँच हजार रुपैया मात्र) को दरले अग्रिम हल भाडा लिई भाडामा दिने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं. ६ माथी छलफल गर्दा आ.ब.२०७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यनवयन मेन्युअल बमोजिमका सिलीचोङ गाउँपालिका पकेट विकास कार्यक्रम प्राविधिक समितिले सुन्तला पकेट विकास कार्यक्रमको लागि सिलीचोङ गा.पा. वडा नं. ४ को जौलेटोल कृषक समुह मांतेवा र मकै पकेट विकास कार्यक्रमको लागि सिलीचोङ गा.पा. वडा नं. ५ को याफू कृषक समुह याफू छनौट गरेकामा कोभिड १९ महामारीको कारणले उक्त समुहहरु संग सम्झौता गरि पकेट विकास कार्यक्रम कार्यान्वयन गर्न नसकेकोले चालू आ.ब.मा प्राप्त सर्शत कार्यक्रम अन्तर्गत **"गत आ.ब ०७७/७८.मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता"** शिर्षकको कार्यक्रम उक्त समुहहरु संग नै सम्झौता गरि कार्यक्रमलाई निरन्तरता दिने साथै आ.व.०७७/०७८ मा स्थापना भएको बंगुरको साना ब्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यकम निरन्तरता गत आ.व. मा स्थापना भएका समुहले निरन्तरता गर्न नचाहेमा चालु आ.व.मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यनवयन मेन्युअल बमोजिम सिलीचोङ गा.पा. वडा नं. ५ मा नयाँ बंगुर पकेट स्थापना गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं-७ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोगबाट प्राबिधिक सेवाका बिभिन्न पदका कर्मचारीहरु सिफारिश भई आई रहेको सम्बन्धमा हाल करारमा कार्यरत कर्मचारीहरुलाई तत्काल हटाउदा नयाँ कर्मचारीहरुले सहज कार्य सम्पादन गर्न नसक्ने र समग्र सेवा प्रवाहमा नै असर पर्ने देखिएकोले हाल कार्यरत करारमा रहेका प्राबिधिक सेवा कर्मचारीहरुलाई असार मसान्त सम्म निरन्ता दिई कार्य सम्पादन गराउने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-८

प्रस्ताव नं.-८ माथि छलफल गर्दा गाउँपालिकामा सुचिकृत खेलकुद संग सम्बन्धित ब्यक्तिहरु मध्ये तपशिल बमोजिको गाउँपालिका स्तरीय खेलकुद बिकास समिति गठन गर्ने सर्ब सम्मत निर्णय गरियो ।

तपशिल

१.श्री कबि राज राई, सिलीचोङ-१

२.श्री बुद्रोस राई, सिलीचोङ-२

३.श्री उमेश राई सिलीचोङ-३

४.श्री सुनिता राई, सिलीचोङ-३

५.श्री एलिना राई सिलीचोङ-४

६.श्री डेबिन राई, सिलीचोङ-५

त्यसै गरी कार्यबिधिको दफा २ बमोजिम अध्यक्ष ज्युको सिफारिशमा श्री बुद्रोस राईलाई खेलकुद बिकास समितिको अध्यक्ष पदमा नियुक्ति गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं.-९ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.-४ को स्वास्थ्य चौकी निर्माण सम्बन्धमा भवन बनाउन लागिएको हाल स्थानमा जग्गा अपुग भएकोले सोही जग्गाको संधीयार श्री पदम बहादुर राई (ना.प्र.नं. २५७/१५७६) को साबिक माङ्तेवा गा.बि.स. वडा नं.-५ को कि.नं. ४१६ क्षेत्रफल ०८९६५ बाट लम्बाई तर्फ कि.नं. ११८ तर्फ ३८ मिटर र माथिबाट ३२ मिटर तथा चौडाई तर्फ कि.नं. ५१ तर्फ १६ मिटर र वडा कार्यालय तर्फबाट ५ मिटर जग्गा निःशुल्क दिने सहमत हुनु भएकोले उक्त जग्गा प्राप्ति प्रकृया अगाडि वढाउने तथा हाललाई उक्त जग्गालाई आधार मानी ठेक्का प्रकृया अगाडि बढाउने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-१०

प्रस्ताव नं.-१० माथि छलफल गर्दा सिलीचोङ गा.पा.को चालु आ.व. मा १ करोड बजेट बिनियोजन भएको सङ्खुवाखोला मोटरेवल पुल निर्माण योजना अगामी ४ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी तपशिल बमोजिम बजेट सुनिश्चित गर्ने तथा तत्कालै टेण्डर प्रकृया अगाडि बढाउने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

क.सं.	आयोजनाको नाम	आयोजना सम्पन्न गर्ने अवधि	बजेट सुनिश्चित			
			०७९/०८०	०८०/८१	०८१/८२	०८२/८३
१	सङ्खुवाखोला सडक मोटरेबल पुल निर्माण आयोजना (बुधबारे, कोल्वा) बहु वर्षे	२०८२/०८३	२ करोड	२ करोड	२ करोड	३ करोड ३८ लाख

आज मिति २०७८/१०/२१ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९५ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई	गा.पा. अध्यक्ष	
२.श्री लाल कुमारी राई	गा.पा. उपाध्यक्ष	
३.श्री आलक्ष कुमार राई	वडाध्यक्ष (वडा नं.१)	
४.श्री मोहन सम्सेर राई	वडाध्यक्ष (वडा नं.२)	
५.श्री प्रताप सिंह तामाङ	वडाध्यक्ष (वडा नं.३)	
६. श्री देवेन्द्र राई वडाध्यक्ष	(वडा नं.४)	
७.श्री ईश्वर राई	वडाध्यक्ष (वडा नं.५)	
८.श्री नरभुपाल राई	कार्यपालिका सदस्य	
९.श्री बिनोद कुमार राई	कार्यपालिका सदस्य	
१०. श्री मेनुका राई	कार्यपालिका सदस्य	
११. श्री बिना राई	कार्यपालिका सदस्य	
१२. श्री सबिता विश्वकर्मा	कार्यपालिका सदस्य	सविता विक;
१३. श्री राधा विश्वकर्मा	कार्यपालिका सदस्य	
१४.श्री राम राज पौडेल	प्रमुख प्रशासकीय अधिकृतक	

आमन्त्रित

१.श्री भद्र बहादुर राई	अधिकृत छैटौ	

प्रस्ताबहरु

१.योजना माग गर्न जाने सम्बन्धमा ।

२. गरिव पहिचान समिति गठन सम्बन्धमा ।

३.योजना अनुमोदन गर्ने सम्बन्धमा ।

४.गाउँसभामा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.-२ बाला र वडा नं.-३ ताम्कु बिच गाउँपालिका जोड्ने सङ्खुवाखोला सडक मोटरेबल पुल निर्माण आयोजना (बुधबारे, कोल्वा) बहु वर्षे आयोजना बिस्तृत आयोजना प्रतिबेदन (डि.पि.आर.) समेत तयार भई गाउँपालिकाले स्विकृत गरी सकेको हुदाँ उक्त योजना गाउँपालिका तथा भौतिक पुर्वाधार मन्त्रालय संग साझेदारीमा निर्माण गर्नको लागि आवश्यक बजेट मागको लागि काठमाण्डौ स्थित अर्थ मन्त्रालय तथा भौतिक पुर्वाधार मन्त्रालयमा गाउँपालिका अध्यक्ष श्री राम बहादुर राई र कार्यपालिका सदस्य श्री बिनोद कुमार राईलाई पठाउने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा गरिव परिवार पहिचान तथा परिचयपत्र बितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन २०७८ बमोजिम स्थानीय तहमा गुनासो सुनुवाई कार्यलाई सहजीकरण गर्न तपशिल बमोजिम गुनासो सुनुवाई समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१.श्री लाल कुमारी राई संयोजक

२.श्री राम राज पौडेल सदस्य

३.श्री मेनुका राई सदस्य

४.श्री चन्द्र कुमार राई सदस्य सचिव

निर्णय नं.-३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस सिलीचोङ गाउँपालिका अन्तर्गत रोजगार शाखाको आ व २०७८/७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित श्रममूलक योजनाहरु शिर्षकमा रु ९५,७८,२००। (अक्षरेपि पन्चनब्बे लाख अठहत्तर हजार दुइ सय मात्र) मध्ये मिति २०७८/०९/१२ को ९३ औँ कार्यपालिका बैठकमा रु ४७,३१,४००। बराबर को रकम बिभिन्न योजनाहरुमा बिनियोजन भैसकेकोले बाँकी रकम रु ४८,४६,८००।- बाट तपशिलका योजनाहरु सञ्चालन निर्देशिका, २०७५ र कार्यवीधि, २०७७ अनुसार श्रममूलक योजनाहरु आ व २०७८/७९ का लागि यसै स्थानीय तह भित्र रहेका वडाहरुबाट प्राप्त विभिन्न योजनाहरु रोजगार ब्यबस्थापन सूचना प्रणालीमा प्रविष्टी गरी सकिएकोले उक्त योजना तपशिल बमोजि सन्चालन गर्ने सर्बसम्मत निर्णय पारित गरियो ।

तपशिल

क्र. सं.	योजनाको नाम	वाड नं	लगत रु मा
१	पिखुवा , लोक्छाङ सडक स्तर उन्नती योजना ।	२	६,३४,७००।
२	देविथान , मूलगाउँ सडक स्तर उन्नती योजना ।	२	६,३४,७००।
३	तेयुम्वा, चिरखुवा सडक स्तर उन्नती योजना ।	२	४,०३,९००।
४	सिमाखोल्सी, बखुल्टुम गोरेटो बाटो निर्माण तथा साखुम्ला सडक स्तर उन्नती योजना	२	४,०३,९००।
५	याङदेन ,इँखे र पुखुवा गोरेटो बाटो निर्माण योजन ।	५	८,६५,५००।
६	खम्बु , सिम्ले र याङखिरी गोरेटो बाटो निर्माण योजना ।	५	८,६५,५००।
७	वडा भवन देखि वर्थिङ सेन्टर हुदै कोपिलटार हुदै दागवेवा रोड, हर्रो डाँडा देखि छम्वेवा स्कूल सम्म गोरेटो बाटो निर्माण योजना ।	४	५,७७,०००।
८	मूलगाउँ देखि जिवन ज्योति स्कूल, बगुवा पुल देखि देविथान, कान्छी माने देखि छम्वेवा स्कूल, कटुन्जे बाट मूलगाउँ सम्म र बाल गाउँ देखि जिवन ज्योति स्कूल सम्म गोरेटो बाटो निर्माण योजना ।	४	४,६१, ६००।
	जम्मा		रु ४८,४६,८००।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा यहि मिति २०७८/१०/२२ गते हुने १० ओं गाउँसभामा तपशिल बमोजिमका प्रस्तावहरु पेश गर्ने सर्बसम्मत निणस्य गरियो ।

१.सिलीचोङ गाउँपालिकाको लेखा समिति कार्य सन्चालन नियमावली २०७८ र लेखा समिति गठन सम्बन्धमा ।

२.सिलीचोङ गाउँ कार्यपालिकाले ८५ औं देखि ९५ औं सम्म गाउँ कार्यपालिका बैठक अनुमोदन सम्बन्धमा ।

३.सिलीचोङ गाउँपालिकाको आ.व. ०७८/७९ को नीति कार्यकम संशोधन सम्बन्धमा ।

आज मिति २०७८/१०/२८ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९६ औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरुः

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री भद्र बहादुर राई नि.प्रमुख प्रशासकीय अधिकृतक

आमन्त्रित

१.श्री संयोगान्त राई बि.ब्य.स. अध्यक्ष श्री सगरमाथा मा.बि. ताम्कु

२.श्री नरबुङ राई प्र.अ. श्री सगरमाथा मा.बि. ताम्कु

३.श्री अभिशेष खतिवडा ईन्जिनियर (क्लासी ईन्जिनियरिङ सर्भिस प्रा.लि. बागडोल, ललितपुर)

प्रस्ताबहरु

१.गत ९५ औं गाउँकार्य पालिका बैठक समिक्षा सम्बधमा ।

२.नमुना बिद्यालयको गुरु योजना तथा बिस्तृत प्रतिबेदन सम्बन्धमा ।

३.बेरुजु असुल उपर सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/१०/२१ गतेको ९५ औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय न-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.-३ को श्री सगरमाथा माध्यमिक बिद्यालय नमुना बिद्यालयको गुरु योजना प्रतिबेदन तथा बिस्तृत योजना प्रतिबेदन आवश्यक प्रकृया पुरा गरी पेश हुन आएकोमा उक्त प्रतिबेदन सन्तोष जनक भएकोले गुरु योजना तथा बिस्तृत योजना प्रतिबेदन स्विकृत गरी निर्माण प्रकृया अगाडि बढाउने सर्बसम्मत निर्णय गरियो ।

निर्णय न-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा यस गाउँपालिका भित्रका बिभिन्न आ.व.हरुमा सन्चालित योजनाहरुका उपभोक्ता समितिका नाममा महालेखा परिक्षकले बेरुजु असुल उपर भनी औल्याएका बेरुजु रकम असुल उपर गर्नका लागि ताकेता गर्ने सर्वसम्मत निर्णय गरियो ।

आज मिति २०७८/११/१० गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९७ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य –

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृतक

आमन्त्रित

१.श्री भद्र बहादुर राई अधिकृत छैटौ

प्रस्तावहरु

१.९६ औ गाउँकार्यपालिका बैठक निर्णय समिक्षा सम्बधमा ।

२.राजश्व सुधार कार्ययोजना निर्देशक समिति गठन सम्बन्धमा ।

३.राजश्व सुधार कार्ययोजना सहजीकरण समिति गठन सम्बन्धमा ।

४.लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका लागि कार्यन्वयन समिति गठन सम्बन्धमा ।

५.लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका लागि स्थायी समिति गठन सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/१०/२८ गतेको ९६औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको राजश्व सुधार गर्न, राजश्व सुधार कार्ययोजना दिग्दर्शन २०७६ बमोजिम तपशिल अनुसार राजश्व निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

क.सं.	नाम थर	पद
१	श्री राम बहादुर राई (गा.पा.अध्यक्ष)	संयोजक
२	श्री लाल कुमारी राई (उपाध्यक्ष)	सदस्य
३	श्री देबेन्द्र राई (आर्थिक बिकास समिति, संयोजक)	सदस्य
४	श्री मोहन शम्शेर राई (सामाजिक बिकास समिति)	सदस्य
५	श्री राम राज पौडेल (प्रमुख प्रशासकीय अधिकृत)	सदस्य
६	श्री भोलामान राई (राजश्व बिभाग)	सदस्य सचिब

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको राजश्व सुधार गर्नको लागि राजश्व सुधार कार्ययोजना दिग्दर्शन २०७६ बमोजिम तपशिल बमोजिम राजश्व सुधार कार्ययोजना सहजीकरण समिति गठन गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

क.सं.	नाम थर	दर्जा	पद
१	श्री राम राज पौडेल	प्रमुख प्रशाकीय अधिकृत	संयोजक
४	श्री भद्र बहादुर राई	आर्थिक बिकास शाखा प्रमुख	सदस्य
३.	श्री दिपेन्द्र राई	सामाजिक बिकास शाखा प्रमुख	सदस्य
२	श्री प्रबिन राई	कार्यकम तथा योजना प्रमुख	सदस्य
५	श्री भोला मान राई	राजश्व शाखा प्रमुख	सदस्य सचिव

निर्णय नं.-४

प्रस्ताव नं.- ४ माथि छलफल गर्दा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका लागि तपशिल बमोजिम कार्यन्वयन समिति गठन गर्ने सर्बसम्मत निर्णय गरियो ।

क.सं.	नाम थर	पद
१	श्री राम बहादुर राई (गा.पा.अध्यक्ष)	संयोजक
२	श्री लाल कुमारी राई (उपाध्यक्ष)	सदस्य
३	श्री राम राज पौडेल (प्रमुख प्रशाकीय अधिकृत)	सदस्य
४	श्री मोहन शम्शेर राई (सामाजिक बिकास समिति संयोजक)	२०८८-५
५	श्री राधा बि.क. का.पा. सदस्य	सदस्य
६	श्री मेनुका राई का.पा. सदस्य	सदस्य
७	श्री नरभुपाल राई का.पा.सदस्य	सदस्य
८	श्री तारा मणि राई (शिलिचोङ क्लव समाज बिकास केन्द्र)	सदस्य
९	श्री लक्ष्मी राई (सिसुवा अल्लो बिकास केन्द्र)	सदस्य
१०	श्री बाल किसोर राई (सामुदायिक बन उपभोक्ता समिति)	सदस्य
११	श्री दिपेन्द्र कुमार राई (सामाजिक बिकास शाखा)	सदस्य

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथि छलफल गर्दा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका लागि तपशिल बमोजिम कार्यदल गठन गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

क.सं.	नाम थर	पद	
१	श्री लाल कुमारी राई (उपाध्यक्ष)	संयोजक	
२	श्री खेम राज निरौला (बिज्ञ)	सदस्य	
३	श्री बुद्धि कुमार राई	सदस्य	

आज मिति २०७८/११/१३ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९८ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य राधा

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृतक

आमन्त्रित

१.श्री भद्र बहादुर राई अधिकृत छैटौ

प्रस्तावहरु

१.९७ औ गाउँकार्यपालिका बैठक निर्णय समिक्षा सम्बधमा ।

२.कार्यकम अनुमोदन सम्बन्धमा ।

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/११/१० गतेको ९७ औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.- २ माथि छलफल गर्दा मिति २०७८/११/१३ गतेका दिन सिलीचोङ पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको निर्णयहरु कार्यपालिकाको बैठकबाट अनुमोदन गरी कार्यन्वयनको लागि पेश हुन आएको हुदाँ उक्त बैठकको निर्णयहरु अनुमोदनगर्ने सर्बसम्मत निर्णय गरियो ।

आज मिति २०७८/१२/०६ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको ९९ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई गा.पा

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृतक

आमन्त्रित

१.श्री भद्र बहादुर राई अधिकृत छैटौ

प्रस्तावहरु

१.९८ औ गाउँकार्यपालिका बैठक निर्णय समिक्षा सम्बधमा ।

२.बैठक निर्णय अनुमोदन तथा पेश गर्ने सम्बन्धमा ।

३.प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/११/१३ गतेको ९८ औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा गरिवपरिवार पहिचान तथा परिचयपत्र बितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन २०७८ को दफा-८ बमोजिम गुनासो सुनुवाई समितिका संयोजक तथा उपाध्यक्ष श्री लाल कुमारी राई ज्यूको संयोजकत्वमा मिति २०७८/११/१३ गते बसेको बैठक निर्णय अनुमोदनको लागि पेश भई आएको हुदाँ उक्त बैठक निर्णय अनुमोदन गरी भुमि ब्यावस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा सुचीमा समाबेश नभएका परिवारहरुलाई समाबेश गर्न तथा समाबेश भएका परिवारका विवरण त्रुटी सच्याउनको लागि सिफारिश गरी पठाउने निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ६२४ पत्र मिति २०७८/१२/०३ को आ.व. ०७९/८० का लागि समपुरक अनुदानबाट संचालन गरिने योजना/ कार्यक्रम प्रस्ताव पेश सम्बन्धी पत्र बमोजिम यस गाउँपालिकामा चालु आ.व.मा प्रदेश समपुरक अनुदान र गाउँपालिकाको साझेदारीमा सन्चालन भई रहेको सिसुवाखोला सडक मोटरेवल पुल (साझेदारी) र सङ्खुवाखोला सडक मोटरेवल पुल निर्माण योजना (बुधबारे-कोल्वा बहुवर्षे योजना) प्रदेश सरकार संग समपुरक अनुदानबाट आ.व. ०७९/८० मा संचालन गर्नको लागि योजना माग गर्ने सर्बसम्मत निर्णय गरियो ।

आज मिति २०७८/१२/२९ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको १०० औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृतक

आमन्त्रित

१.श्री भद्र बहादुर राई अधिकृत छैटौ

प्रस्तावहरु

१.९९ औ गाउँकार्यपालिका बैठक निर्णय समिक्षा सम्बधमा ।

२.बजेट ब्यावस्थापन सम्बन्धमा ।

३.गरिव घरपहिचान अन्तर्गतका कर्मचारीको पारिश्रमिक भुक्तान सम्बन्धमा ।

४.बाकी बजेट सोही योजनामा खर्च गर्ने सम्बन्धमा ।

५.आदिबासी जनजाति सुचिकरण गर्ने सम्बन्धमा ।

६.सिफारिश गर्ने सम्बन्धमा ।

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/१२/०६ गतेको ९९ औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा मिति २०७९/०१/३० गते हुन लागेको स्थानीय तह सदस्यको निर्वाचन प्रयोजनार्थ बिभिन्न मितिमा स्थानीय तहबाट कार्यालय ब्यवस्थापन तथा मतगणना स्थल दृश्य अवलोकन प्रणाली (Vote Counting System - VCMS) प्रणाली संचालनार्थ निर्बाचन आयोगबाट स्थानीय तहलाई आफ्नै बजेटबाट ब्यवस्थापन गर्न निर्देशन भई आएको तथा आकस्मिक रुपमा आएको निर्देशनको लागि छुट्टै शिर्षकमा बजेट ब्यावस्था नभएकोले निर्बाचन प्रयोजनार्थ तपशिल बमोजिमका कार्यकमहरु बजेट बचत हुने उल्लेखित बजेट शिर्षकबाट खर्च गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

क) निर्वाचन अधिकृत कार्यालय निर्माण गर्न लागिएको सगरमाथा माध्यमिक बिद्यालयको भवनमा शौचालय ब्यावस्था नभएकोले सो निर्माण कार्य खुंवा खानेपानी निर्माण योजनाबाट

ख)मतगणना स्थल दृश्य अवलोकन प्रणाली जडान, साम्फेदारी फण्ड शिर्षकबाट

ग) निर्वाचन कार्यालय फर्निचर फिक्सर ब्यावस्थापन कार्यकमः चालु बिबिध खर्च शिर्षकबाट

निर्णय नं.-३

प्रस्ताव न.-३ माथि छलफल गर्दा गरिवघर पहिचान अन्तर्गत गुनासो सुनुवाई अधिकारीहरुलाई सशर्त अनुदान शिर्षकमा प्राप्त बजेटबाट पारिश्रमिक भुक्तानी गर्न अपुग हुने भएकोले रकम उपयुक्त चालु खर्च शिर्षकबाट भुक्तानी गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा तपशिलका योजनाहरुको टेण्डर प्रणालीबाट निर्माण कार्य अगाडि बढाईएकोमा केही कम टेण्डर संझौता भएकोले बाकी रकम सोही आयोजनामा लागत अनुमान गरी तत्काल कार्य अगाडि बढाउने सर्बसम्मत निर्णय गरियो ।

क) प्राथमिक स्वास्थ्य केन्द्र निर्माण योजना ।

ख) वातेम्मा, खाम्खु, वाङटाङ, तम्बे सम्म सडक निर्माण योजना

निर्णय नं.-५

निर्णय नं.-५ माथि छलफल गर्दा राष्ट्रिय मानव अधिकार आयोगको च.नं.१७४२, मितिः २०७५/१२/०४ को पत्रमा बुदां नं. १४ मा आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ बमोजिमको सूचीमा सूचिकृत र सुचीकृत हुन बाँकी आदिबासी जनजातिहरुको विषयमा पुनरावलोकन गरी छुट भएकाहरुलाई सुचिकृत गर्न गराउन उल्लेख भए बमोजिम, प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयको च.नं. मा./७२१/६८२४ मिति २०७५/१२/१४ गतेको सिफारिश कार्यन्वयन गर्ने उल्लेख सहितको पत्र र संघिय मामिलम तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१४५ मिति २०७६/०१/०४ गतेको राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा भन्ने उल्लेखित प्राप्त पत्र अनुसार यस सिलीचोङ गाउँपालिकामा आदिवासी जनजातिहरुको सुचिकरण गर्ने उदेश्यले यस पालिकाको आदिवासी जनजाति सुचिकरण कार्यबिधि, २०७८ बमोजिम मिति २०७८/११/२० गतेबाट आदिवासी जनजाति सुचिकरण कार्य समुहले सुचिकरण हुनका लागि सुचना आव्हान तथा एक महिना समयावधी भित्र रही बिभिन्न अध्ययन तथा खोज मुलक कार्य सम्पन्न गरी प्रतिबेदन उपलब्ध गराएको र उक्त प्रतिबेदन माथि छलफल/ अध्ययन गर्दा आदिबासी जनजाति बिषयको राष्ट्रिय, अन्तराष्ट्रिय मावदण्ड अनुसार छोटो समयमा गहिरो अध्ययन र सन्तोषजनक प्रतिबेदन प्राप्त भएकोले कार्यसमुहलाई धन्यवाद ज्ञापन गरी उक्त प्रतिबेदनलाई अनुमोदन गर्दै निम्न आदिवासी जनजातिहरुलाई यस गाउँपालिकामा सुचिकरण भएको साथै कार्यबिधि अनुसार पालिकाको वेवसाईटमा राखी सार्वजनिक गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिल

१.कुलुङ

२.मेवाहाङ

३.थुलुङ

४.खालिङ

५.चाम्लिङ

६.वान्तावा

७.साम्पाङ

८.दुमी

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकामा आदिवासी जनजाति सुचिकरण कार्यबिधी, २०७८ अनुसार आदिवासी जनजाति सुचिकरण सम्बन्धी कार्य समुहले सिलीचोङ गाउँ पालिकालाई बुझाएको एक/एक थान प्रतिबेदन सहित राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको

कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिश सहित जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

आज मिति २०७९/०१/०५ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको १०१ औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरुः

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृतक

आमन्त्रित

१.श्री भद्र बहादुर राई अधिकृत छैटौ

प्रस्तावहरु

१.१०० औ गाउँकार्यपालिका बैठक निर्णय समिक्षा सम्बधमा ।

२.आयोजना तथा कार्यकम समिक्षा सम्बन्धमा ।

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/१२/२९ गतेको १०० औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. ०७८/७९ को चैत्र महिना सम्म संझौता भई कार्यन्वयनमा रहेका सम्पुर्ण आयोजना तथा कार्यक्रमहरु सन्तोष जनक रुपमा कार्यन्वयन भएको ब्यहोरा सर्बसम्मत निर्णय गरियो ।

आज मिति २०७९/०२/१० गतेका दिन संखुवासभा जिल्ला सिलिचोङ गाउँपालिकाका अध्यक्ष श्री भुपालराज मेवाहाङ ज्युको अध्यक्षतामा उल्लेखिति पदाधिकारीहरुको उपस्थितिमा बसेको १०२ औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि सर्वसम्मत निर्णय गरियो।

<u>उपस्थितिहरु</u>

१. श्री भुपालराज मेवाहाङ गा.पा. अध्यक्ष
२. श्री देवीता कुलुङ गा.पा. उपाध्यक्ष
३. श्री गणेश राई वडाअध्यक्ष (वडा नं.१)
४. श्री मोहन शम्सेर राई वडाअध्यक्ष (वडा नं. २)
५. श्री प्रताप सिंह तामाङ वडाअध्यक्ष (वडा नं. ३)
६. श्री देवेन्द्र राई वडाअध्यक्ष (वडा नं. ४)
७. श्री ईश्वर राई वडाअध्यक्ष (वडा नं. ५)
८. श्री रेविका रसाईली कार्यपालिका सदस्य
९. श्री मनकुमारी राई कार्यपालिका सदस्य
१०. श्री शारदा कुमारी राई कार्यपालिका सदस्य
११. श्री सन्तोष राई कार्यपालिका सदस्य
१२. श्री सागर राई कार्यपालिका सदस्य
१३. श्री लक्ष्मी विश्वकर्मा कार्यपालिका सदस्य
१४. श्री रामराज पौडेल प्रमुख प्रशासकिय अधिकृत

<u>प्रस्ताबहरु</u>

१. सिसुवाखोला मोटरेबल पूल विस्तृत आयोजना प्रतिवेदन सम्बन्धमा
२. संखुवाखोला सडक मोटरेबल पूल निर्माण योजना (बुधबारे कोल्वा)
३. मर्मत संभार कोष विनियोजन
४. काठे पूल मर्मत सम्बन्धमा
५. गाउँ कार्यपालीकाको प्रवक्ता तोक्ने सम्बन्धमा
६. गाउँ कार्यपालिकाका समितिहरु गठन सम्बन्धमा
७. स्थानिय न्यायिक समिति गठन सम्बन्धमा

२०७९ रामराज पौडेल प्रमुख प्रशासकीय अधिकृत

८. स्थानीय राजस्व परामर्श समिति गठन सम्बन्धमा

९. विपद व्यवस्थापन कोषबाट सामान खरिद सम्बन्धमा

निर्णय नं.-१

प्रस्ताव नं १ माथि छलफल गर्दा save the plannet, Kathmandu ले निर्माण गरेको यस गाउँपालिका वडा नं. २ र १ जोड्ने बखलटुम स्थित सिसुवाखोलामा निर्माण हुने सिसुवाखोला मोटरेबल पुल को विस्तृत आयोजना प्रतिवेदन (DPR) अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. -२

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. मा बजेट विनियोजन भएको संखुवाखोला सडक मोटरेबल पूल निर्माण योजना को बाँकी रहेको बजेटबाट तत्काल अन्य रकम खर्च गर्न नसकिने देखिएकोले उक्त पूल निर्माण क्षेत्रमा आवश्यक रहेको पहुँचमार्ग निर्माणको लागी रु १० लाख मा नबढ्ने गरी खर्च गरी पहुँचमार्ग निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.- ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिलिचोङ गा.पा. वडा न. १ र २ जाने सडकको दुंमा भिर क्षेत्रमा पहिरो गई सडक अवरुद्ध भएको र तत्काल सडक संचालन गर्नुपर्ने भएकोले मर्मत संभार कोषबाट रू १००००० (एक लाख) मा नबढ्ने गरी खर्च गरी खुलाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.- ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिलिचोङ गाउँपालिका भित्रका अस्थाई काठे पूलहरु हालसालैको वर्खाले केही क्षेती पुगेको र सामान्य मर्मतबाट संचालन गर्न सकिने भएको हुँदा गाउँपालिका भित्रका काठे पूलहरु सामान्य मर्मतबाट संचालन गर्न सकिने प्राविधिक दृष्टिले देखिएमा रू १००००० (एक लाख) मा नबढ्ने गरी मर्मत संभार कोषबाट मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.- ५

२०७९/८/१०

रामराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलिचोङ गाउँपालिका गाउँ कार्यपालिकाको प्रवक्ता वडा नं. २ का वडाअध्यक्ष तथा गाउँ कार्यपालिका सदस्य श्री मोहन शम्सेर राईलाई तोक्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.- ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सिलिचोङ गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गतका तपसिल बमोजिम समितिहरु गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

क. आर्थिक विकास समिति:

संयोजक : ईश्वर राई

सदस्य : शारदा राई (माङतेवा)

सदस्य : हेमराज राई (सिसुवा)

ख. सामाजिक विकास समिति:

संयोजक : मोहन शम्सेर राई

सदस्य : रेविका रसाईली (ताम्कु)

सदस्य : सागर मेवाहाङ (याफू)

ग. पूर्वाधार विकास समिति:

संयोजक : देवेन्द्र राई

सदस्य : टीकाराम राई (ताम्कु)

सदस्य : मणी कु. राई (सिसुवा)

सदस्य : मन कुमारी राई (वाला)

सदस्य : छत्र कुमार राई (याफु)

घ. सार्वजनिक सेवा तथा क्षमता विकास समिति:

संयोजक : प्रताप सि. तामाङ

सदस्य : बुद्रोस मेवाहाङ (वाला)

सदस्य : लक्ष्मी वि.क. (माङतेवा)

ङ. वातावरण तथा विपद व्यवस्थापन समिति:

संयोजक : गणेश राई

सदस्य : अरिता राई (याफु)

सदस्य : अमन कु. राई (ताम्कु)

च. <u>विधेक समितिः</u>

संयोजक : सन्तोष राई

सदस्य : पहलमान राई (वाला)

सदस्य : जमुना राई (ताम्कु)

<u>निर्णय नं.- ७</u>

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपालको संविधानको धारा २१७ बमोजिमको स्थानी न्यायीक समिति गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय गरियो

संयोजक : देविता कुलुङ

सदस्य : ईश्वर राई

सदस्य : मनकुमारी राई

<u>निर्णय नं.- ८</u>

प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०६५ को दफ १(ग) बमोजिम स्थानीय राजस्व परामर्श समितिमा तपसिल बमोजिम सदस्य छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

क. रेविका रसाईली

ख. देवेन्द्र राई

<u>निर्णय नं.- ९</u>

प्रस्तव नं. ९ माथि छलफल गर्दा विपद व्यवस्थापन कोषबाट तपसिल बमोजिम विपद सामाग्री खरिद गर्ने सर्वसम्मत निर्णय गरियो।

क. विभिन्न आकारका HDD पाईप - (५ लाख)

ख. त्रिपाल (१५*१८ र १८*२४ को) - (५ लाख)

प्रमाणित

2068/9/90

रामराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०२/२३ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भुपाल राज राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको १०३ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री भुपाल राज मेवाहाङ गा.पा. अध्यक्ष

२.श्री देबिता राई गा.पा. उपाध्यक्ष

३.श्री गणेश राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री रेबिका रसाईली कार्यपालिका सदस्य

९.श्री मन कुमारी राई कार्यपालिका सदस्य

१०.शारदा राई कार्यपालिका सदस्य

११. श्री सन्तोष राई कार्यपालिका सदस्य

१२. श्री सागर राई कार्यपालिका सदस्य

१३. श्री लक्ष्मी विश्वकर्मा कार्यपालिका सदस्य

१४. श्री भद्र बहादुर राई नि.प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१.१०२ औ गाउँकार्यपालिका बैठक निर्णय समिक्षा सम्बधमा ।

२.टोल बिकास समिति गठन सम्बन्धमा ।

३.योजना माग सम्बन्धमा ।

४.सङ्खुवाखोला सडक मोटरेवल पुल निर्माण योजना माग सम्बन्धमा ।

५.सिसुवा स्वास्थ्य चौकी निर्माण योजना माग सम्बन्धमा ।

६.कोरोना प्रभावितहरुलाई राहत प्रदान सम्बन्धमा ।

७.बिषयगत समितिहरुको बैठक सम्बन्धमा ।

८.जेष्ठ नागरिक सम्मान सम्बन्धमा ।

९.पेक्ला भिर सडक निर्माण योजना बजेट निर्माण योजना ।

१०.अलैची पकेट बिकास कार्यक्रम स्विकृत सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७९/०२/१० गतेको १०२ औ कार्यपालिका बैठकले गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको ५ वटै वडाहरुको बिभिन्न टोलमा गठन गरिएको टोल बिकास समिति तत्काल बिगठन गरी पुनः अगामी जेष्ठ .गते मसान्त भित्र पुनर्गठन गरी नव गठित टोल बिकास समितिको नामावली वडा कार्यालय मार्फत गाउँपालिकाको कार्यालयमा बुझाई सक्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा प्रदेश सरकार संग तपशिलको योजना माग गर्ने निर्णय गरियो ।

१.सिसुवाखोलाका बाढी पहिरो पिडितहरुको लागि चित्रेमा खानेपानी योजना ।

२. सिलीचोङ गा.पा. वडा नं.-५ को वडा कार्यालय भवन निर्माण योजना ।

३. वालेङ, याङदेन, खेम्पालुङ गुफा सम्म सडक निर्माण योजना ।

४.मागुवा देखि पांतीमा हुदै गा.पा. जोड्ने सडक निर्माण योजना ।

५..सिन्तुप, याचाम्खा सडक निर्माण योजना ।

नर्णय नं.४

प्रस्ताव नं.- ४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.-२ बाला र वडा नं.- ३ ताम्कु बीच सङ्खुवाखोलामा सङ्खुवाखोला सडक मोटरेवल पुल निर्माण योजनाको बिस्तृत सर्भे सम्पन्न भई सकेकोले

उक्त योजना सिलीचोङ गाउँपालिकाको बजेटले सम्पन्न गर्न नसक्ने देखिएको हुदाँ १ नं. प्रदेश सरकार मातहतमा रहेको सडक तथा पूर्वाधार बिकास मन्त्रालयमा माग गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.-१ सिसुवाखोलामा मिति २०७७/०३/२७ गतेका दिन ब्यापक बाढी पहिरोको कारण सिसुवाखोला स्वास्थ्य चौकी समेत क्षती भई हाल टिनको टहरा बनाई टहराबाट सेवा दिदा गुणस्तरी स्वास्थ्य सेवा प्रदान गर्न समस्या भई रहेको हुदाँ उक्त स्वास्थ्य चौकी भवन निर्माणको लागि आवश्यक बजेट प्रदेश सरकार तथा संघीय सरकार संग माग गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं.- ६ माथि छलफल गर्दा कोरोना प्रभाबित नागरिकहरुलाई राहत प्रदान सम्बधि संकलित आबेदन अनुसार संकलन भएका सम्पुर्ण आबेदकहरुलाई तत्काल राहत वापतको रकम निजहरुको खातामा तत्काल प्रदान गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं.-७ माथि छलफल गर्दा आगामी आ.व. ०७९/८० को नीत कार्यकम तथा बजेट निर्माणलाई मध्य नजर गर्दै मिति २०७९ असार २ गते भित्र सम्पुर्ण बिषयगत समितिहरुले बैठक बसी अर्को कार्यपालिकाको बैठकमा पेश गरि सक्ने सर्बसम्मत निर्णये निर्णय गरियो ।

निर्णय नं.-८

प्रस्ताव नं.-८ माथि छलफल गर्दा चालु आ.व.०७८/७९ मा बिनियोजित जेष्ठ नागरिक सम्मान कार्यकम सन्चालन आगामी असार १५ गते भित्र सम्पन्न गरी सक्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-९

प्रस्ताव नं.-९ माथि छलफल गर्दा सङ्खुवाखोला मोटरेवल पुल निर्माण योजनाको बाँकी बजेटबाट तपशलिका योजनाहरुमा तपशिल बमोजिम बजेट बिनियोजन गर्ने सर्बसम्मत निर्णय गरियो ।

१.पेक्ला भिर सिसुवाटार सडकमा निर्माण योजनामा रु.७००००।-

२.माहेश्वरी मा.बि. सडक निर्माण योजना:-रु.५००००।-

निर्णय नं.-१०

प्रस्ताव नं.-१० माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका पकेट बिकास कार्यकम सन्चालन प्राबिधिक समितिको बैठक मिति २०७९/०२/०९ गतेको निर्णय अनुसार आ.व.७८/७९ को शसर्त कार्यकमबाट प्राप्त प्रधान मन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत अलैचीको साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यकम सन्चालन कार्यकम सन्चालनका लागि श्री हेब्रोन कृषिफर्म सिलीचोङ -३

छनौट भई आएको हुदाँ उक्त फर्म सँग परियोजना कार्यन्वयन मेन्युअल बमोजिम कार्यक्रम संझौता गरी कार्यन्वयन गर्ने सर्बसम्मत निर्णय गरियो ।

आज मिति २०७९/०३/०१ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भुपाल राज राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको १०४ औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री भुपाल राज मेवाहाङ गा.पा. अध्यक्ष

२.श्री देबिता राई गा.पा. उपाध्यक्ष

३.श्री गणेश राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री रेबिका रसाईली कार्यपालिका सदस्य

९.श्री मन कुमारी राई कार्यपालिका सदस्य

१०.शारदा राई कार्यपालिका सदस्य

११. श्री सन्तोष राई कार्यपालिका सदस्य

१२. श्री सागर राई कार्यपालिका सदस्य

१३. श्री लक्ष्मी विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिती

१.श्री भद्र बहादुर राई अधिकृत छैटौं

प्रस्तावहरु

१.१०३ औ गाउँकार्यपालिका बैठक निर्णय समिक्षा सम्बधमा ।

२.श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन सम्बन्धमा ।

३.बैठक निर्णय संशोधन सम्बन्धमा ।

४.बिपद ब्यावस्थापनका लागि बजेट बिनियोजन सम्बन्धमा ।

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७९/०२/२३ गतेको १०३ औ कार्यपालिका बैठकले गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा तपशिल बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

१.संयोजकः- श्री भूपाल राज मेवाहाङ (गा.पा. अध्यक्ष)

२.सदस्यः- श्री देबिता राई (उपाध्यक्ष)

३.सदस्यः-श्री देबेन्द्र राई

४.सदस्यः-श्री मोहन शम्शेर राई

५.सदस्यः-श्री रेबिका रसाईली

६.सदस्यः-गणेश राई

७.सदस्य सचिबः- श्री राम राज पौडेल

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफल गर्दा १०३ औं कार्यपालिका बैठकको निर्णय नं. ९ को बुदाँ नं.१ को पेक्ला भिर सिसुवाटार सडक निर्माण योजना अन्य शिर्षकबाट निर्माण गर्ने भएकोले निर्णय संशोधन गरी मर्मत संभार खर्चबाट निर्माण गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.-२ स्थित पेलुम्बाटार स्थित श्री कुमार राईको घर छेउमा सडक माथिको जमिन चिरा परी घर समेत जोखिममा परेको र तत्काल मर्मत नगर्दा भौतिक तथा मानविय क्षती हुन सक्ने भएकोले बिपद ब्यावस्थापन कोषबाट रु.३ लाख नबढ्ने गरी खर्च गरी जोखिम स्थानमा पर्खाल निर्माण गर्ने सर्बसम्मत निर्णय गरियो ।

आज मिति २०७९/०३/०८ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भुपाल राज राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको १०५ औँ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१.श्री भुपाल राज मेवाहाङ गा.पा. अध्यक्ष

२.श्री देबिता राई गा.पा. उपाध्यक्ष

३.श्री गणेश राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री रेबिका रसाईली कार्यपालिका सदस्य

९.श्री मन कुमारी राई कार्यपालिका सदस्य

१०.श्री शारदा कुमारी राई कार्यपालिका सदस्य

११. श्री सन्तोष राई कार्यपालिका सदस्य

१२. श्री सागर राई कार्यपालिका सदस्य

१३. श्री लक्ष्मी विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिती

१.श्री भद्र बहादुर राई अधिकृत छैटौं

प्रस्तावहरु

१.१०४ औ गाउँकार्यपालिका बैठक निर्णय समिक्षा सम्बधमा ।

२.गाउँसभामा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।

३.राजश्व सुधार कार्य योजना सम्बन्धमा ।

४.प्रोत्साहन रकम थप सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको १०५ औ कार्यपालिका बैठकले गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-१ माथि छलफल गर्दा आगामी ११ औं गाउँसभामा तपशिल बमोजिमका प्रस्तावहरु पेश गर्ने सर्ब सम्मत निर्णय गरियो ।

१.बेरुजु सम्बन्धमा ।

२.करार कर्मचारीहरुको म्याद थप तथा सम्पुर्ण कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धमा ।

३.कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

४.संघ संस्था दर्ता ऐन २०७९ सम्बन्धमा ।

५.आ.व. ०७९/८० को नीति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथि छलफपल गर्दा प्रदेश प्रशिक्षण केन्द्र कवलगुरी झापा र यस गाउँपालिका बीच मिति २०७८/११/३० गतेको संझौता बमोजिम सामुदायिक बिकास मन्च धनकुटा मार्फत निर्माण हुदै गरेको यस गाउँपालिकाको राजश्व सुधार कार्य योजना निर्माण सम्पन्न गरी पेश भएको र अध्ययन गर्दा संतोष जनक नै पाईएकोले उक्त राजश्व सुधार कार्य योजना स्विकृत गरी प्रदेश प्रशिक्षण केन्द्र कवलगुरी झापालाई अन्तिम निकाशा भुक्तानीको लागि सिफारिश गर्ने तथा गाउँपालिकाको साझेदारी अन्तर्गतको रकम समेत भुक्तानी दिने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आ.व.०७८/७९ मा गाउँपालिका अन्तर्गतका बिभिन्न शाखामा कार्यरत कर्मचारीहरुलाई आफ्नो जिम्मेवारीका शाखा बाहेक अतिरिक्त शाखाका काम समेत जिम्मेवारी प्रदान गरी अतिरिक्त शाखाको जिम्मेवारी बहन गरे वापत प्रोत्साहन भत्ता प्रदान गर्नको लागि रु.१५००००।- अक्षरेपी पन्ध्र लाख रुपैयाले बिनियोजन गरिएकोमा उक्त बिनियोजित रकममा रु.२४५३०५।७६ दुर्य लाख पैतालिस हजार तीन सय पाँच रुपैया छयहत्तर पैसा अपुग भएको हुदाँ सि.नं.३१ संकेत नं. ५ को अन्य सेवा शुल्कमा बिनियोजन गरिएको रकम रु.३००००।- (अक्षरेपी तीन लाख रुपैया मात्र) बाट अपुग प्रोत्साहन भत्ता वापतको रकम प्रदान गर्ने सर्बसम्मत निर्णय गरियो ।

आज मिति २०७९/०३/२२ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाका अध्यक्ष श्री भुपाल राज राईज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको १०६ औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिहरु:

१. श्री भुपाल राज राई गा.पा. अध्यक्ष

२. श्री देविता राई गा.पा. उपाध्यक्ष

३. श्री गणेश राई वडाध्यक्ष (वडा नं. १)

४. श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं. २)

५. श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं. ३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं. ४)

७. श्री ईश्वर राई वडाध्यक्ष (वडा नं. ५)

८. श्री सागर राई कार्यपालिका सदस्य

९. श्री सन्तोष राई कार्यपालिका सदस्य

१०. श्री शारदा कुमारी राई कार्यपालिका सदस्य

११. श्री मनकुमारी राई कार्यपालिका सदस्य

१२. श्री लक्ष्मी विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री रेविका रसाइली कार्यपालिका सदस्य

१४. श्री राम राज पौडेल, प्रमुख प्रशासकिय अधिकृत

प्रस्ताबहरु

१. निर्माण सामाग्रिको दररेट सम्बन्धमा ।

२. योजना तथा कार्यक्रम चौमासिक तथा वार्षिक कार्ययोजना सम्बन्धमा ।

३. उपभोक्ता मार्फत संचालन हुने योजनाको जनश्रमदान सम्बन्धमा ।

४. डि.पी.आर., डकमेन्टि र राजस्व सुधार योजना सम्बन्धमा ।

५. तलब भत्ता भुक्तानी सम्बन्धमा ।

६. विपदजन्य प्रभाव अनुगमन सम्बन्धमा ।

७. १०५ औं गाउँ कार्यपालिका बैठक समिक्षा सम्बन्धमा ।

निर्णय नं. -१

प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला सदरमुकाम देखि गाउँपालिका सम्म पुग्न सडक कच्ची रहेको तथा हालको ढुवानीको जिल्ला दररेट बाट योजना तथा कार्यक्रम कार्यन्वयनमा समस्या भएकोले ट्रयाक्टर तथा ट्रकद्वारा गारिने ढुवानी रकम अत्यन्त न्युन रहेकोले हालको दररेटमा ६० प्रतिशत वृद्धि गने जिल्ला दररेट निर्धारण समितिमा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -२

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७९।०८० को वार्षिक बजेटले विनियोजन गरेको योजना तथा कार्यक्रमहरुको सम्बन्धित वडा तथा शाखा बाट आगामी श्रावण १५ गते भित्र अनिवार्य रुपमा चौमासिक तथा वार्षिक कार्ययोजना तयार तयार गरी गाउँपालिकामा अनिवार्य पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्रका उपभोक्ता मार्फत सञ्चालन हुने योजनाहरुमा जनश्रमदान धेरै भएकोले हाल १० प्रतिशत भन्दा माथिको निर्धारण भएका सम्पूर्ण आयोजनाको जनश्रमदान १० प्रतिशत श्रमदान कायम गर्ने र सो भन्दा कम भएका योजनामा यथावत राख्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. मा निर्माण गरिएका सेवा परामर्श तर्फका तपशिल बमोजिमका कार्यक्रमहरु निर्माण सम्पन्न भई भूक्तानीको लागि पेश समेत भईसकेकाले सो सम्बन्धमा छलफल गर्दा सन्तोषजनक देखिएको हुँदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

(क) सिलीचोङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण ।

(ख) संखुवा खोला दोभान सडक पुलको विस्तृत आयोजना प्रतिवेदन निर्माण ।

(ग) सिलीचोङ गाउँपालिकाको वृत्तचित्र निर्माण ।

निर्णय नं. -५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाको दरबन्दी भित्र कार्यरत शिक्षक, कर्मचरी तथा बालशिक्षा सहयोगीहरुको तलब भत्ता रकम अपुग भएको र निकासा समेत प्राप्त नभएकाले अपुग शिर्षकमा माध्यमिक तह स्वीकृत दरबन्दी तथा राहत दरबन्दी तलब अनुदान शिर्षकबाट निकासा गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस वर्षको वर्षले सिलीचोङ गाउँपालिका भित्रका सडक कुलो, खानेपानी लगायतका आयोजनाहरुमा क्षति पुर्‍याएको भन्ने जनगुनासो आएकाले विपद व्यवस्थापन समितिको संयोजकत्वमा सन्बन्धित वडाको प्राविधिक तथा जनप्रतिनिधि समेतको संलग्नतामा अनुगमन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. -७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सिलीचोङ गाउँ कार्यपालिकाको १०५ औं कार्यपालिका बैठकले गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।